जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

हार्दिक शुभकामना
जनै पुर्णिमा एवं रक्षाबन्धनको सुखद अवसरमा सम्पूण पाठक, श्रोता, दर्शक, विज्ञापनदाता, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
टी भी टुडे रेडियो टुडे जनकपुर टुडे
जनकपुर ९१ मेगाहर्ज राष्ट्रिय दैनिक
परिवार, जनकपुरधाम

वर्ष २८ • अंक १०० • २०८३ साल भाद्र १२ गते शुक्रबार (28 August, Friday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

महाधिवेशन गर्न कांग्रेस संस्थापनलाई बाटो खुल्यो

टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसको महाधिवेशन प्रक्रियालगायत गतिविधि रोक्न माग गर्दै शेरबहादुर देउवा र पूर्णबहादुर खड्काले दायर गरेको रिटमा अन्तरिम आदेश दिन सर्वोच्च अदालतले अश्वीकार गरेको छ ।

नेपाली कांग्रेसको १५औं महाधिवेशन रोक्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । बिहीबार सर्वोच्च अदालतका न्यायाधीशहरू नहकुल सुवेदी, महेश शर्मा पौडेल र मेघराज पोखरेलको इजलासले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । कांग्रेसका संस्थापन इतर समूहको तर्फबाट पूर्वसभापति देउवा र पूर्वकार्यवाहक सभापति खड्काको कांग्रेसको १५औं महाधिवेशन रोक्न अन्तरिम आदेश माग गर्दै पूरक निवेदन दिएका थिए ।

सर्वोच्चको आदेशमा भनिएको छ, 'यसअघि वैसाख ४ गते आदेश हुँदा फैसला कार्यान्वयन गर्नु पर्ने गरी कुनै

आदेश निर्देश नगरी निवेदन नै खारेज गरेको समेतको स्थितिमा निवेदन माग बमोजिम अन्तरकालीन आदेश जारी गर्न पर्नेसम्मको पूर्वावस्था प्रथम दृष्टिमा नै नदेखिएको हुनाले माग बमोजिम गर्नू ।'

निर्वाचन आयोगले २०८२ माघ २ गते गगन थापा नेतृत्वको समितिलाई आधिकारिकता दिएको थियो । संयुक्त इजलासले पनि २०८३ वैशाख ४ मा आयोगको निर्णय सदर गर्दै देउवा र खड्काको रिट खारेज गरेको थियो ।

उक्त आदेशमा निवेदक तथा विपक्षीलाई कुनै पनि काम कारबाही वा निर्णय गर्न आदेश वा निर्देशन गरेको थिएन । बिहीबारको पूर्ण इजलासले अन्तरिम आदेश नदिने निर्णय गर्दा यो विषयलाई मुख्य आधार बनाएको छ ।

भोटेकोशी नदीः बाढीको प्रलय

मृतकको संख्या चार सयभन्दा बढी, मधेश प्रदेशका ४ दर्जनभन्दा सम्पर्कविहिन

टुडे समाचारदाता

जनकपुरधाम । चीनको तिब्बतस्थि हिमताल फुट्दा रसुवाको भोटेकोशी नदीमा बुधबार आएको भीषण बाढीले रसुवा, नुवाकोट, धादिङ, चितवनलगायतका जिल्लामा ठूलो जनधनको क्षति पुगेको छ । बाढी र पहिरोमा परी बिहीबारसम्ममा कम्तीमा चार सयभन्दा बढीको मृत्यु भएको छ भने अझै पनि कम्तीमा हजार जति व्यक्ति सम्पर्कविहीन भएको आशंका गरिएको छ । ठूलो संख्यामा घर, सडक, पुल तथा जलविद्युत् आयोजनामा क्षति पुगेपछि प्रभावित क्षेत्रमा उद्धार र खोजी कार्यलाई तीव्र बनाइएको सरकारले जनाएको छ । मृतकहरुको शव भेट्ने क्रम अझै सम्म पनि जारी नै रहेको छ भने जिवित उद्धार कार्यसमेत भइरहेको बताइन्छ ।

भोटेकोशी नदीमा आएको बाढीमा परी मृतकहरुको शव विभिन्न जिल्लास्थित नदीबाट फेला परेको छ । रसुवामा १७, नुवाकोटमा २८, धादिङमा ३३, गोरखामा ३० (विभिन्न मानव अंगसहित), तनहुँमा २२, चितवनमा १३२, नवलपरासी पूर्वमा ८२ र नवलपरासी पश्चिममा १५ जनाको शव बरामद भएको प्रहरीले जनाएको छ ।

बाढीग्रस्त क्षेत्रमा उद्धार कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन नेपाल प्रहरीका ७ हजार २५० जना, नेपाली सेनाका ४ हजार २०० जना र सशस्त्र प्रहरी बल नेपालका १ हजार ८४५ जना सुरक्षाकर्मी प्रत्यक्ष रूपमा खटिएको जनाइएको छ । सडक सञ्जाल अवरुद्ध भएका कारण उद्धार टोलीले हवाई र पैदल दुबै मार्गबाट कार्य जारी रहेको छ ।

मधेश प्रदेशका ४ दर्जनभन्दा सम्पर्कविहिन

रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि मधेश प्रदेशका विभिन्न जिल्लाका करीब चार दर्जनभन्दा बढी सम्पर्कविहीन भएको प्रदेश प्रहरीले जनाएको छ । मधेश प्रदेश प्रहरी र विभिन्न जिल्ला प्रशासन कार्यालयबाट प्राप्त

जानकारी अनुसार अहिलेसम्म ५१ जना समम्पर्कविहिन रहेका छन् ।

प्रहरीका अनुसार बाढी प्रभावित क्षेत्रमा पर्साका १० जना सम्पर्कविहीन छन् । त्यस्तै, महोत्तरीका ११ जना, सर्लाहीका ७ जना, धनुषाका ३ जना, बाराका ८ जना, रौतहटका ६ जना र सप्तरीका ६ जना सम्पर्कविहीन रहेको विवरण प्राप्त भएको छ । बाढीमा सम्पर्कविहिन हुनेहरुमा अधिकांश अपर त्रिशुली जलविद्युत आयोजना र हाइड्रोपावरमा काम गर्ने इन्जिनियर तथा सिभिल रहेको जनाइएको छ ।

प्रदेश प्रहरीका अनुसार सम्पर्कविहिन हुनेहरुमा पर्सा जिल्लाका नारायण पटेल, श्यामबाबु ठाकुर, कमरुल होदा अन्सारी, अनुतम बहादुर श्रेष्ठ, पृथ्वी चौधरी, श्यामलाल मोक्तान, पर्सा नजिक मकवानपुर हेटौँडाका घनश्याम बास्तौला, अभिषेक वास्तौला, आकाश तामाङ, उकेश दंगोल, बारा जिल्लाका सुबोध पटेल, अरुण हजरा, सुभाष पटेल, समिम देवान, दिनेश परियार, नमनारायण सिंह, प्रकाश राम, अंकित पटेल रहेका छन् ।

यस्तै रौतहट जिल्लाका गौरव राउत, शेख मजिद, सुधिर कुमार साह, समीर मन्सुरी, संगीताकुमार साह र उनका छोरा राहुल साह रहेका छन् भने सर्लाही जिल्लाका ज्ञानबहादुर थिङ, माधव काफ्ले, उनका छोरा अनुज काफ्ले, कृष्णप्रसाद धमला, द्वारिका दंगाल, चिरञ्जीवी खतिवडा, सुनिल कुशवाहा र सप्तरी जिल्ला बोदेबरसाईन नगरपालिका ८ काचनटोल एकै परिवारका तीनजना दाजुभाई सचित यादव, शिवकुमार यादव, देवकुमार यादव, रविन्द्रकुमार यादवसहित जिल्लाका अजयकुमार यादव, र साजन चौधरी रहेका छन् । धनुषाबाट अजय सिंहसहित ३/४ जना सम्पर्क रहेको छ । तर त्यसको विवरण आइनसकेको जिल्ला प्रशासन कार्यालय धनुषाले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीका अनुसार महोत्तरीबाट सम्पर्कविहिन हुनेहरुमा अपर त्रिशुलीमा कार्यरत बर्दिबास नगरपालिकाका सौभाग्य विष्ट, जौया राना मगर, गौशाला नगरपालिकाका विजयथापा मगर, त्रिशुली हाइड्रोपावरमा कार्यरत पिपरा गाउँपालिकाका विकास यादव, जलेश्वरका राकेशकुमार यादव, नुवाकोटको चिसाङपुर सब स्टेशनमा कार्यरत लोहारपट्टी नगरपालिकाका युवराज पाण्डे, चिलिमे सव स्टेशनमा कार्यरत औरही नगरपालिका ३ का सचिन कुमार यादव, पर्यटक गाडी चालक लेश्वरका सुशिल लाल दास, गौशाला ८ का सीतल लुन्नेली र साइमान लुन्नेली रहेका छन् ।

मधेशका विभिन्न जिल्लाबाट रोजगारी तथा व्यवसायका सिलसिलामा रसुवा पुगेका व्यक्तिहरू बाढीपछि परिवारसँग सम्पर्कमा आउन नसकेको बताइएको छ । सम्पर्कविहीन व्यक्तिका परिवारजन चिन्तित बनेका छन् ।

यता प्रहरीले प्रभावित क्षेत्रमा रहेका तथा सम्पर्कविहीन व्यक्तिबारे थप विवरण संकलन भइरहेको जनाएको छ । प्रदेश प्रहरी र जिल्ला प्रशासन कार्यालयले बाढीमा परेर कोही कसैको कुनै व्यक्ति सम्पर्कविहिन रहेको छ भन्ने नजिकको प्रहरी चौकीमा गएर विवरण टिपाउन अनुरोध गरेका छन् ।

प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआईजी ओमप्रसाद अधिकारीले हामीले विभिन्न सामाजिक सञ्जाल मार्फत र जिल्ला प्रहरी कार्यालय तथा इप्रकाहरुमा सम्पर्कविहिन भएका व्यक्तिहरुको विवरण टिपाउन अनुरोध गरेका छौं । प्राप्त विवरण अनुसार केन्द्रिय कार्यालय तथा उद्धार टोलीसँग खोजीका समन्वय गरिरहेका छौं बताए ।

मधेश प्रदेश सरकारद्वारा एक दिनको तलब कोषमा जम्मा

टुडे समाचारदाता

जनकपुरधाम । चीनको तिब्बतस्थित हिमताल फुट्दा भोटेकोशी नदीमा आएको बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै मधेश प्रदेश सरकारले विपद् व्यवस्थापनका लागि प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्रीलगायत सम्पूर्ण पदाधिकारी र कर्मचारीको एक दिन बराबरको तलब केन्द्रीय विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरेको छ ।

मधेश प्रदेश सरकारको २०८३ साल भदौ १० गते बसेको बैठकले बाढीबाट प्रभावित नागरिकको खोज, उद्धार तथा राहत कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त निर्णय गरेको छ । विपद्को समयमा राज्यका पदाधिकारी तथा कर्मचारीले समेत आर्थिक सहयोगमार्फत प्रभावित नागरिकप्रति ऐक्यबद्धता जनाउने

गरी प्रदेश सरकारले यस्तो निर्णय गरेको छ ।

सरकारले भोटेकोशी नदीमा आएको बाढीका कारण भएको जनधनको व्यापक क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै मृतकप्रति श्रद्धाञ्जली तथा परिवारजनमा समवेदना प्रकट गरेको छ । यसका साथै, बाढीबाट घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार र राहत कार्यलाई प्रभावकारी बनाउन मधेस प्रदेश सरकारले प्रदेशका आम नागरिक, बुद्धिजीवी, उद्यमी, व्यवसायी, समाजसेवी तथा आमसञ्चार क्षेत्रलाई समेत सहयोगका लागि अपिलसमेत गरेको छ ।

विपद्को समयमा मधेश प्रदेश सरकारका पदाधिकारी र कर्मचारीको एक दिनको तलब सहयोग गर्ने निर्णयले प्रभावित नागरिकको उद्धार तथा राहतमा थप केही सहयोग पुग्ने अर्थमन्त्री युवराज भट्टराईले बताए ।

भोटेकोशी नदीमा आएको बाढीका कारण ठूलो जनधनको क्षति भएकोप्रति मधेश प्रदेश सरकारले गहिरो दुःख व्यक्त गरेको छ । प्रदेश सरकारले बाढीमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरेको छ । यसका साथै, बाढीका कारण घाइते भएकाहरूको शीघ्र स्वास्थ्य लाभको कामना र बेपत्ताहरुको खोजी कार्यका लागि समेत उनले आग्रह गरे ।

पूर्वाधार क्षेत्रमा ठूलो क्षति, दर्जन पुल बग्यो, विद्युत आयोजना बन्द

टुडे समाचारदाता

काठमाण्डु । चीनको तिब्बतस्थित हिमताल फुटेको कारण भोटेकोशी नदीमा बुधबार बिहान आएको विनाशकारी आकस्मिक बाढीले उत्तरी सीमा क्षेत्र र तल्लो तटीय करिडोरको भौतिक पूर्वाधार क्षतविक्षत पारेको छ ।

भौतिक पूर्वाधार मन्त्री सुनिल लम्सालले प्रारम्भिक अनुमानमा यस भीषण बाढीले नेपालको पूर्वाधार क्षेत्रमा मात्रै २ खर्ब रुपैयाँभन्दा बढीको क्षति पुऱ्याएको जानकारी दिए ।

बाढीले मुख्य व्यापारिक नाका जोड्ने सडक, महत्वपूर्ण पुलहरू, भन्सार संरचना र जलविद्युत् आयोजनाहरूमा अभूतपूर्व विनाश निम्त्याएको छ ।

बाढीको तीव्र बहाव र ढुंगा-माटोसहितको लेदोले सडक तथा पुल पूर्वाधारमा ठूलो क्षति पुऱ्याएको छ। सडक विभागका अनुसार बाढीका कारण रसुवा, नुवाकोट र धादिङ जिल्लाका ३२ वटा पुलहरू पूर्ण रूपमा बगेका छन् । चीनसंगको मुख्य स्थलगत व्यापारिक मार्ग जोड्ने रसुवा जिल्लाको ऐतिहासिक मितेरी पुल (रसुवागढी), टिमुरे पुल १ र २, चिलिमेस्थित भोटेकोसी पुल, चिलिमे खोला पुल, स्याफ्रुबेंसी पुल र त्रिशूली तथा मैलुङ क्षेत्रका ५ वटा पुलहरू पूर्ण रूपमा बगेका छन् ।

नुवाकोटको ऐतिहासिक बेत्रावती पुल (पुरानो र नयाँ), तुप्चेस्थित त्रिशूली नदी पुल, त्रिशूली बजारका दुईवटा पुल (पुरानो र नयाँ), सिमचौर पुल, देवीघाटस्थित मध्यपहाडी राजमार्गको पुल, ताँदी खोलाका दुईवटा पुल र त्रिशूली नदीका अन्य ४ वटा पुलहरू बाढीले बगाएको छ ।

धादिङ स्याल्टार सडक पुल, घाटबेंसी पुल, मलेखुको फुर्के खोला पुल र कोल्पु खोलाका दुईवटा पुल पूर्ण रूपमा ध्वस्त भएका छन्। यसका साथै मास्तर पुल, जरेबर्गेंचा पुल र कोल्पु खोलाको नयाँ पुलमासमेत क्षति पुगेको छ । यातायाततर्फ नुवाकोटको बेत्रावतीदेखि रसुवागढी सीमा नाका जोड्ने ४० किलोमिटर रणनीतिक सडक खण्ड बाढीले पूर्ण रूपमा क्षतिग्रस्त बनाएको छ ।

भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवामा करिब ४० किलोमिटर सडक पूर्ण रूपमा क्षतिग्रस्त भएको छ। बेत्रावतीदेखि मैलुङ हुँदै स्याफ्रुबेंसी-रसुवागढी जोड्ने सडक पूर्ण रूपमा क्षतिग्रस्त भएको छ। गल्छीदेखि त्रिशूलीसम्मको करिब १० किलोमिटर सडकसमेत बन्द अवस्थामा छ।

त्यस्तै पृथ्वीराजमार्ग अन्तर्गत करिब १३ किलोमिटर सडक लेदोले भरिएको छ । लेदो हटाएर सडक सञ्चालनमा ल्याउने कार्यलाई पहिलो प्राथमिकतामा राखी काम जारी रहेको छ ।

बाढीका कारण ४१ वटा पुल पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । सरकारसंग ५० मिटरसम्म लम्बाइका ७ वटा बेलिब्रिज छन् । आवश्यकता र सम्भावनाको पहिचान गरी ती बेलिब्रिज जडान गर्ने काम अघि बढाइएको छ। भारत र चीन सरकारबाट पनि आवश्यक बेलिब्रिज तत्काल उपलब्ध गराउने प्रतिबद्धता प्राप्त भएको छ।



भोटेकोशी बाढी: घाइतेको जीवनरक्षाका लागि ठमेलमा रक्तदान

काठमाण्डु । भोटेकोशी नदीमा आएको बाढीका कारण घाइते भएका नागरिकको जीवनरक्षाका लागि ठमेलमा रक्तदान कार्यक्रम आयोजना गरिएको छ ।

ठमेल पर्यटन विकास परिषद्को आयोजनामा तिब्बतबाट आएको बाढीका कारण भोटेकोशी र त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट घाइते तथा बिरामी भएकाको उपचारमा सहयोग पुऱ्याउन ठमेलको नरसिंह चोकमा बिहीबार रक्तदान कार्यक्रम आयोजना गरिएको हो ।

परिषद्का अध्यक्ष राजुमान डङ्गोलले बाढी र प्राकृतिक विपत्तिका कारण अस्पतालमा रगतको माग बढेको तथा घाइतेलाई तत्काल रगतको आवश्यकता परेको अवस्थालाई दृष्टिगत गर्दै मानवीय कार्यको थालनी गरिएको जानकारी दिनुभयो ।

'एक थोपा रगत, कसैका लागि जीवनको आशा' भन्ने मूल नाराका साथ आयोजना गरिएको रक्तदानमा काठमाडौं महानगरपालिका-२६, १६, १७ र २७ ले समन्वय गरेका छन् ।

परिषद्का महासचिव पशुपति कँडेलले बाढीबाट प्रभावितको जीवन रक्षाका लागि आयोजना गरिएको उक्त कार्यक्रममा ११६ जनाले रक्तदान गरेको बताउनुभयो ।

कार्यक्रममा ठमेल पर्यटन विकास परिषद्का कार्यसमिति सदस्य तथा ठमेल भित्रका घरधनी तथा व्यवसायीको उल्लेख्य मात्रामा सहभागिता रहेको थियो । रासस

अपुष्ट सूचना, तस्बिर र श्रव्यदृश्य सामग्री प्रसारण नगर्न सञ्चार मन्त्रालयको अपिल

काठमाण्डु । सूचना तथा सञ्चार मन्त्रालयले रसुवा, नुवाकोट, धादिङलगायतका क्षेत्रमा हालै गएको प्राकृतिक विपद्का घटनासँग सम्बन्धित मानवीय रुपमा संवेदनशील तस्बिर, श्रव्यदृश्य तथा अपुष्ट सूचना प्रकाशन तथा प्रसारण नगर्न सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्तासँग अपिल गरेको छ ।

मन्त्रालयले विपद्को विषम परिस्थितिमा सञ्चारमाध्यम तथा आमनागरिकबाट प्रवाह हुने सूचनाले उद्धार, राहत तथा जनमानसमा महत्वपूर्ण प्रभाव पार्ने भएकाले जिम्मेवार र संवेदनशील ढङ्गबाट सूचना सम्प्रेषण गर्न आग्रह गरेको हो ।

मन्त्रालयका सहसचिव एवं प्रवक्ता उदयबहादुर राना मगरद्वारा जारी विज्ञप्तिमा विपद्बाट भएको क्षति, उद्धार तथा राहतसम्बन्धी समाचार तथा सूचना प्रकाशन वा प्रसारण गर्दा गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिजस्ता आधिकारिक निकायबाट प्राप्त सूचनालाई मात्र आधार बनाउन अनुरोध गरिएको छ ।

त्यस्तै, अपुष्ट, कपोलकल्पित तथा कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोगबाट सिर्जित भ्रामक सामग्री र सर्वसाधारणमा त्रास फैलाउने किसिमका समाचार तथा अफवाह सम्प्रेषण

नगर्न मन्त्रालयले आग्रह गरेको छ ।

मन्त्रालयले सामाजिक सञ्जालमा विपद् का हृदयविदारक घटनाका तस्बिर, श्रव्यदृश्य वा विवरण पोष्ट तथा रिपोस्ट नगर्न पनि अनुरोध गरेको छ । यस्ता सामग्रीले ज्यान गुमाएका व्यक्तिका आफन्त तथा परिवारजनलाई थप मानसिक पीडा पुग्न सक्ने भएकाले पीडित र परिवारप्रति मानवीय संवेदनशीलता अपनाउन मन्त्रालयले जोड दिएको छ ।

विपद्को समयमा भयावह, विचलित बनाउने तथा समाजलाई नै विक्षिप्त पार्ने सामग्री प्रकाशन, प्रसारण, अपलोड, शेयर, पोष्ट वा रिपोस्ट नगरी सही, तथ्यपरक र जिम्मेवार सूचना प्रवाह गर्न मन्त्रालयले आग्रह गरेको छ । मन्त्रालयले कतिपय सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा मानव र समाजलाई नै विचलित पार्ने किसिमका तस्बिर तथा श्रव्यदृश्य सामग्री प्रकाशन तथा प्रसारण भइरहेको पाइएको जनाएको छ । यस्ता सामग्रीले विपद्मा ज्यान गुमाएका व्यक्तिका आफन्त तथा परिवारजनलाई थप विक्षिप्त पार्न सक्ने भन्दै मन्त्रालयले सम्पूर्ण राष्ट्रिय तथा स्थानीय सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्तालाई संवेदनशील बन्न विशेष अपिल गरेको हो । रासस

आवश्यक समन्वय र सहयोगका लागि आयोगको आग्रह

काठमाण्डु । राष्ट्रिय मानव अधिकार आयोगले रसुवाको भोटेकोशीमा गएको बाढीको विपद्को अवस्थामा सहयोग, समन्वय र मानवीय सेवा प्रदान गर्न आयोग सबैमा आग्रह गरेको छ ।

आयोगका सहसचिव यज्ञप्रसाद अधिकारीले आज जारी गर्नुभएको प्रेस विज्ञप्तिमा सबैलाई उद्धारका लागि आग्रह

गरेको गरिएको छ । विज्ञप्तिमा भनिएको छ, "विपद्पश्चात् प्रभावितहरूको सुरक्षा, बसोबास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइलगायतका विषयहरू अझै जटिल हुनेतर्फ आयोग सबैको ध्यानाकर्षण समेत गराउँदछ ।"

यही भदौ १० गते रसुवाको भोटेकोशीमा गएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँलगायत जिल्लाका १५ स्थानीय तहमा जनधनको ठूलो क्षति पुग्न गएको प्रारम्भिक तथ्याङ्क प्राप्त भएको छ ।

आयोगले प्रभावित क्षेत्रहरूमा उद्धार, राहत तथा पुनःस्थापनाका लागि नेपाल सरकार, राजनीतिक दल, सङ्घसंस्था, नागरिक, प्रदेश तथा स्थानीय तहबाट आवश्यक कार्यहरु भइरहेको जानकारी प्राप्त भएको आयोगले जनाएको छ । रासस

ललितपुरका तीन स्थानीय तहद्वारा एक करोड ८० लाख राहत घोषणा

ललितपुर । नेपाल-चीन सीमा क्षेत्र रसुवागढीस्थित भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित परिवारहरूका लागि ललितपुरका तीन वटा स्थानीय तहले रु एक करोड ८० लाख नगद राहत सहयोग गर्ने घोषणा गरेका हुन् । ललितपुर महानगरपालिका, गोदावरी र महालक्ष्मी नगरपालिकाले आज कार्यपालिका बैठक बस्दै नगद राहत सहयोग उपलब्ध गराउने घोषणा गरेका हुन् ।

ललितपुर महानगरपालिकाका प्रवक्ता राजु महर्जनले दिनुभएको जानकारीअनुसार प्राकृतिक विपद्बाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि महानगरका तर्फबाट रु एक करोड रकम प्रधानमन्त्री राहत कोषमा सहयोगस्वरुप जम्मा गर्ने निर्णय गरिएको छ । साथै, यस घटनाबाट प्रभावित क्षेत्रमा आवश्यकताअनुसार अन्य प्राविधिक तथा मानवीय सहयोग उपलब्ध गराउन महानगरा तत्पर रहेको उहाँले जानकारी दिनुभयो ।

त्यस्तै, गोदावरी नगरपालिकाको आज बसेको कार्यपालिका बैठकले बाढी पीडितका लागि रु ५० लाख आर्थिक सहायता उपलब्ध गराउने घोषणा गरेको हो । प्रमुख गजेन्द्र महर्जनको अध्यक्षताका आज बसेको कार्यपालिका बैठकले विपद्को यो कठिन घडीमा मानवीय सहायतास्वरूप उक्त रकम राहात तथा उद्धार कोषमा रु ५० लाख हस्तान्तरण गर्ने निर्णय गरेको हो ।

यसैगरी, महालक्ष्मी नगरप्रमुख हरिगोविन्द श्रेष्ठको अध्यक्षतमा आज बसेको कार्यपालिका बैठकले विपद् पीडितको उद्धार र सहायताका लागि जनप्रतिनिधिहरूको एक महिनाको भत्ता तथा नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीको सात दिनको तलब कटौती गरी बाँकी नपुग रकम नगरपालिकाको कोषबाट व्यहोर्ने गरी उक्त रकम सहयोग गर्ने निर्णय गरेको हो । नगरप्रमुख श्रेष्ठले छिमेकी जिल्लाहरूमा परेको ठूलो प्राकृतिक विपद्मा मानवीय सहयोग पुऱ्याउनु नगरपालिकाको दायित्व भएको बताउनुभयो ।

"रसुवागढी र आसपासका क्षेत्रमा बाढीले पुर्याएको अभूतपूर्व क्षतिले हामी सबैलाई स्तब्ध बनाएको छ, यस कठिन घडीमा पीडित परिवारको मलमपट्टिका लागि महालक्ष्मी नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरू हातेमालो गर्दै ऐक्यबद्धता जनाउन उभिएका हौं", नगरप्रमुख श्रेष्ठले भन्नुभयो ।

चीनतर्फ हिमचट्टान पहिरोका कारण लेन्दे खोला र भोटेकोशीमा आएको बाढीले रसुवा, नुवाकोट, धादिङ, गोर्खा, चितवनलगायत क्षेत्रमा ठूलो जनधनको क्षति पुऱ्याएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

बैठकमा नगरउपप्रमुख लक्ष्मी महर्जन, प्रमुख प्रशासकीय अधिकृत अमित ढुङ्गानासहित कार्यपालिका सदस्यको उपस्थिति थियो । महालक्ष्मी नगरपालिकाले नगरपालिकाको एम्बुलेन्स तथा नगर प्रहरीसहितको टोलीलाई विपद् क्षेत्रमा विपद्का कारण घाइते भएका व्यक्तिहरूको उद्धार तथा आवश्यक सहयोगका लागि परिचालन गरेको छ । घाइतेहरूको शीघ्र उद्धार गरी आवश्यक उपचारका लागि स्वास्थ्य संस्थासम्म पुऱ्याउने कार्यमा टोली सक्रिय रहेको उपप्रमुख महर्जनले जानकारी दिनुभयो । रासस

आपत्कालीन स्वास्थ्य प्रतिकार्यलाई थप प्रभावकारी बनाउन जिम्मेवारी तोकियो

काठमाण्डु । रसुवाको भोटेकोशीमा गएको बाढी र विपद्पश्चात् स्वास्थ्य प्रतिकार्यका लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले विषयगत फोकल पर्सन तोकेको छ ।

विपद्का समयमा आपत्कालीन स्वास्थ्य प्रतिकार्यलाई थप प्रभावकारी, व्यवस्थित र समन्वयात्मक बनाउन मन्त्रालयका अनुसार स्वास्थ्य आपत्कालीन अवस्थाको समग्र समन्वयका लागि स्वास्थ्य आपत्कालीन

कार्यसञ्चालन केन्द्र प्रमुख डा हेमन्तचन्द्र ओझालाई जिम्मेवारी दिइएको छ । आपत्कालीन स्वास्थ्य टोली तथा मानव स्रोत परिचालनका लागि एचइओसीसँगको समन्वयमा डा रोशन न्यौपानेलाई फोकल पर्सन तोकिएको छ ।

त्यसैगरी प्रदेशस्तरीय समन्वयका लागि स्वास्थ्य सेवा विभागबाट डा फणिन्द्रप्रसाद बराल र मन्त्रालयबाट डा समीर कुमार अधिकारीलाई जिम्मेवारी दिइएको छ । घटनास्थलमा सङ्घीय स्वास्थ्य टोली परिचालनका लागि रसुवामा डा प्रकाश ज्ञवाली र शंकर कँडेल तथा नुवाकोटमा डा प्रशान्त नापित र प्रवीण कार्कीलाई फोकल पर्सन तोकिएको मन्त्रालयले जनाएको छ ।

सम्भावित महामारीको जोखिम कम गर्न, पूर्वतयारी, निगरानी तथा आवश्यक प्रतिकार्यका लागि इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका डा अमृत पोखरेललाई फोकल पर्सन तोकिएको मन्त्रालयले जनाएको छ । विपद्को समयमा सर्वसाधारण, स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाबीच आवश्यक सहयोग तथा समन्वयलाई सहज बनाउन मन्त्रालयले विपद् स्वास्थ्य सहयोग समन्वय प्रणाली सञ्चालनमा ल्याएको छ ।

उक्त प्रणालीमार्फत उपचार, औषधि वा अन्य स्वास्थ्य सहयोगका लागि अनुरोध गर्न सकिनेछ । त्यस्तै, स्वास्थ्यकर्मीले स्वयंसेवाका लागि आफ्नो विवरण दर्ता गर्न तथा स्वास्थ्य संस्थाले मेडिकल टोली, औषधि वा उपकरण सहयोगको प्रस्ताव राख्न सक्ने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार उक्त प्रणालीमार्फत विपद् का बेला आवश्यक स्वास्थ्य सेवा तथा स्रोतसाधनको माग र आपूर्तिबीच समन्वय गरी प्रभावित क्षेत्रमा स्वास्थ्य प्रतिकार्यलाई थप प्रभावकारी बनाउन सहयोग पुग्नेछ । रासस

निजी क्षेत्रद्वारा रसुवा बाढीप्रभावितलाई सहयोग गर्न अपिल

काठमाण्डु । नेपाल उद्योग परिसंघले रसुवा बाढीप्रभावितलाई सहयोग गर्न अपिल गरेको छ । सङ्घले आज एक प्रेस विज्ञप्ति जारी गरेर बुधबार रसुवा क्षेत्रमा आएको विनाशकारी बाढीबाट भएको ठूलो जनधनको क्षतिले नेपाल उद्योग परिसंघलाई स्तब्ध बनाएको जनाएको छ ।

परिसङ्घले विपत्तिको समयमा प्रभावित नागरिकहरूलाई अत्यावश्यक राहत सामग्री उपलब्ध, पुनर्निर्माण तथा आवश्यक कार्य गर्न गराउन परिसङ्घले डिजास्टर रेस्पोन्स कमिटी स्थापना गरी राहत सामाग्री सङ्कलन तथा हस्तान्तरणको काम अगाडि बढाइएको बताइएको छ ।

यस कठिन समयमा सरकार र समुदायसँग हातेमालो गर्दै राहत तथा पुनःस्थापनाको काममा सक्दो योगदान गर्न सम्पूर्ण सदस्य संस्थाहरू, उद्यमी व्यवसायी एवं व्यावसायिक सङ्घ संस्थाहरू सङ्घद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ ।

त्यसैगरी बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपाल (सिबिफिन)ले पनि बुधबारको दिन भोटेकोशी नदीमा अकस्मात् आएको विनाशकारी बाढीबाट भएको अकल्पनीय एवं अपूरणीय जनधनको क्षतिले स्तब्ध भएको जनाएको छ ।

सिबिफिनले आज एक प्रेस विज्ञप्ति जारी गरेर विपद्ले बैंक तथा वित्तीय संस्थाका शाखा तथा अन्य बैंकिङ पूर्वाधार, मानवीय बस्ती, जलविद्युत् आयोजना, सडक, पुल, व्यापारिक प्रतिष्ठान तथा केरुङ नाकाबाट भित्रिएका मालवस्तु र सवारीसाधनमा समेत ठूलो क्षति पुऱ्याएको छ ।

प्रभावित क्षेत्रका जलविद्युत्, व्यापार, पर्यटन, पूर्वाधार तथा अन्य व्यावसायिक क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको उल्लेख्य कर्जा तथा लगानी रहेकाले यसको प्रभाव ऋणी, व्यवसाय, बैंकिङ सेवा तथा समग्र आर्थिक गतिविधिमा समेत पर्न सक्ने जनाएको छ ।

प्रभावित क्षेत्रमा ग्राहकको बैंकिङ पहुँचलाई यथाशीघ्र सहज र प्रभावकारी बनाउन बैंक तथा वित्तीय संस्थाहरूले वैकल्पिक सेवा प्रवाहसहित आवश्यक प्रबन्ध गरिरहेका गरिरहेको जारी प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ । रासस

अख्तियारका पदाधिकारीले १५ दिनको तलब दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारी तथा कर्मचारीले रसुवाको भोटेकोशी नदीमा आएको बाढीले प्रभावित नागरिकको उद्धारका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गर्ने निर्णय गरेका छन् । आयोगका प्रवक्ता सुरेश न्यौपानेले विपद्को घडीमा प्रभावितहरूको सहयोगका लागि आयोगका पदाधिकारीहरुले १५ दिन बराबरको रकम कोषमा जम्मा गर्ने निर्णय भएको बताउनुभयो ।

उहाँका अनुसार राजपत्राङ्कित विशिष्ट श्रेणी र राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीले दश दिन बराबरको तलब कोषमा जम्मा गर्ने निर्णय भएको छ । त्यस्तै, राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणीका कर्मचारीले सात दिन बराबरको तलव कोषमा जम्मा गर्नेछन् ।

राजपत्राअङ्कित प्रथम, द्वितीय र अन्य श्रेणीका कर्मचारीहरुले पाँच दिनको र श्रेणीविहीन कर्मचारीहरुले दुई दिनको तलब बराबरको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय भएको आयोगद्वारा जारी विज्ञप्तिमा जनाएको छ । रासस

ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

- मेष : आजको दिन तपाईका लागि सामान्यता फलदायी रहनेछ ।
- वृष : तपाईका लागि आजको दिन केही चुनौतीपूर्ण हुन सक्छ ।
- मिथुन : समय अनुकूल र उत्साहजनक छ ।
- कर्कट : प्रतिस्पर्धामा सफलता मिल्ने दिन छ ।
- सिंह : सुरुमा केही दुविधा वा अलमल भए पनि विस्तारै स्थिति नियन्त्रणमा आउनेछ ।
- कन्या : पारिवारिक वा घरायसी विषयमा केही तनाव हुन सक्छ ।
- तुला : आफ्नै मिहिनेतले ठुला कामहरु सम्पादन गर्न सकिनेछ ।
- वृश्चिक : धन लाभ हुनेछ र नयाँ लगानीको सोच बनाउन सक्नुहुनेछ ।
- धनु : मनमा नयाँ विचार र उत्साह थपिनेछ । मान-सम्मान तथा प्रतिष्ठामा वृद्धि हुनेछ।
- मकर : आर्थिक लेनदेनमा ध्यान दिनुहोला । खर्चको मात्रा बढ्न सक्छ ।
- कुम्भ: आयआर्जनका हिसाबले दिन धेरै नै उत्तम छ ।
- मीन: पदोन्नति वा नयाँ जिम्मेवारी पाइने सम्भावना छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५, ९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७, ९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

कृषक समूह महासंघले पठाए गैर खाद्य राहत सामाग्री

टुडे समाचारदाता

लहान । रसुवाको भोटेकोशी हुँदै विभिन्न नदी क्षेत्रमा आएको भीषण बाढीबाट प्रभावित तथा विस्थापित समुदायलाई तत्काल राहत उपलब्ध गराउने उद्देश्यले सिरहाको लहानबाट राहत सामग्री पठाइएको छ ।

राष्ट्रिय कृषक समूह महासंघ, नेपाल (मधेश प्रदेश कार्यसमिति) को अगुवाइमा १८५ थान

गैर-खाद्य सामग्री सहितको राहत प्याकेज प्रभावित क्षेत्रतर्फ पठाइएको जनाइएको छ ।

मानवीय साझेदारी सहायता मञ्च र केयर नेपालसँगको साझेदारीमा लहानमा भण्डारण गरिएको राहत सामग्री २०८३ साल भदौ १० गते प्रभावित क्षेत्रतर्फ पठाइएको महासंघले जनाएको छ । महासंघका मधेश प्रदेश सचिव यामुन प्रसाद यादवका अनुसार बाढीबाट प्रभावित परिवारलाई तत्काल आवश्यक राहत सामग्री उपलब्ध गराउने उद्देश्यले प्र-२-०३-००१ ख ५५५८ नम्बरको सवारी साधनमार्फत राहत सामग्री काठमाडौं हुँदै भोटेकोशीतर्फ पठाइएको हो ।

भोटेकोशी क्षेत्रमा बाढीका कारण ठूलो जनधनको क्षति हुनुका साथै कतिपय परिवार विस्थापित भएका छन्। बाढीपछि प्रभावित समुदायमा दैनिक उपभोग तथा आधारभूत जीवनयापनका लागि आवश्यक गैर-खाद्य सामग्रीको आवश्यकता बढेकाले तत्काल राहत पुऱ्याउने उद्देश्यले उक्त सामग्री पठाइएको महासंघले जनाएको छ ।

राहत सामग्री बोकेको सवारी साधनलाई गन्तव्यसम्म सुरक्षित र सहज रूपमा पुऱ्याउन महासंघले बाटोमा पर्ने सम्पूर्ण सुरक्षा निकाय, प्रशासनिक निकाय तथा सम्बन्धित सरोकारवालालाई आवश्यक सहजीकरण र सहयोग गरिदिन विशेष अनुरोध गरेको छ ।

महासंघका अनुसार विपद् को समयमा राहत सामग्री समयमै प्रभावित समुदायसम्म पुग्नु अत्यन्त महत्वपूर्ण भएकाले ढुवानीका क्रममा सम्भावित अवरोध हटाउन तथा सवारी साधनलाई सुरक्षित रूपमा गन्तव्यसम्म पुग्ने वातावरण निर्माण गर्न सम्बन्धित निकायसँग आग्रह गरिएको हो ।

लहानमा पूर्वतयारीस्वरूप भण्डारण गरिएको उक्त राहत सामग्री विपद् प्रभावित क्षेत्रमा पठाइनुले स्थानीय तहबाट विपद् व्यवस्थापन तथा मानवीय सहायता कार्यमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ। राहत सामग्री प्राप्त भएपछि बाढीबाट प्रभावित तथा विस्थापित परिवारको तत्कालीन आधारभूत आवश्यकता सम्बोधन गर्न केही हदसम्म सहयोग पुग्ने विश्वास गरिएको छ ।

यस राहत अभियानसम्बन्धी औपचारिक जानकारी केयर नेपालको केन्द्रीय कार्यालय, मानवीय साझेदारी सहायता मञ्च (ज्एए) सचिवालय तथा राष्ट्रिय कृषक समूह महासंघ, नेपालको राष्ट्रिय कार्यसमितिलाई समेत गराइएको मधेश प्रदेश कार्यसमितिले जनाएको छ ।

महासंघले विपद्का बेला प्रभावित समुदायलाई राहत तथा मानवीय सहायता उपलब्ध गराउने कार्यमा सरकारी निकाय, सुरक्षा संयन्त्र, गैरसरकारी संस्था, नागरिक समाज तथा स्थानीय समुदायबीचको सहकार्य अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिएको छ ।

राहत, उद्धार र पुनर्निर्माणका लागि समन्वय गर्ने मोर्चाको निर्णय

टुडे समाचारदाता

जनकपुरधाम । अग्रगामी मोर्चाले रसुवाको भोटेकोशी सहित विभिन्न नदीमा आएको बाढी-पहिरो प्रभावित क्षेत्रमा उद्धार, राहत, उपचार तथा पुनर्निर्माणका लागि सरकारसँग समन्वय गरेर काम गर्ने निर्णय गरेको छ ।

मोर्चाको बैठकले अग्रगामी युवा मोर्चाको नेतृत्वमा उद्धारका लागि आवश्यक जनशक्ति परिचालन गर्ने निर्णय गरेको प्रवक्ता डा. सीके राउतले जानकारी दिए ।

मोर्चाले राहत सामग्री र आर्थिक सहयोग संकलन गरी सरकारलाई एकमुष्ट हस्तान्तरण गर्ने जनाएको छ । घाइतेको उपचारमा सहयोग गर्न डम्बर रावलको नेतृत्वमा सबै आबद्ध दलबाट एक-एक सदस्य रहने टोली गठन गर्ने निर्णयसमेत भएको छ ।

रसुवालगायत बाढी प्रभावित क्षेत्रमा क्षतिग्रस्त संरचनाको पुनर्निर्माण तथा पीडितको पुनर्स्थापनामा सरकारसँग सहकार्य गर्ने मोर्चाले जनाएको छ ।

यसैबीच मोर्चा आबद्ध जनता समाजवादी पार्टी (जसपा), नेपालले हालैको भीषण बाढीका कारण प्रभावित भएका नागरिकहरूको उद्धार, राहत तथा पुनस्थापनाका लागि आर्थिक सहयोग गर्न पार्टी पंक्ति र सर्वसाधारणमा अपिल गरेको छ ।

पार्टीका महासचिव डा. सुरेन्द्र कुमार झाद्वारा जारी विज्ञप्तिमा भाद्र १० गते आएको बाढीले ठूलो संख्यामा मानवीय तथा भौतिक क्षति पुऱ्याएको भन्दै दुःखी व्यक्त गरिएको छ ।

"सेवा नै धर्म हो" भन्ने मूल मर्मलाई आत्मसात् गर्दै राहत कोषमा यथाशक्य योगदान पुऱ्याउन जसपाले आफ्ना केन्द्रीय समिति, प्रदेश तथा जिल्ला समिति, जनप्रतिनिधिहरू र शुभेच्छुक संघ-संस्थाहरूलाई अनुरोध गरेको छ। सहयोग रकम आगामी ५ दिनभित्र राष्ट्रिय वाणिज्य बैंकको चल्ती खाता नम्बर १४२०१००००४०५४००१ मा जम्मा गर्न भनिएको छ ।

सहयोग संकलन तथा समन्वयलाई व्यवस्थित र प्रभावकारी बनाउन पार्टीले ५ सदस्यीय जिम्मेवारी टोली समेत तोकिएको छ । सो समितिमा जसपा नेपालका सचिव शैलेन्द्र प्रसाद साह, कार्यकारिणी सदस्य विरेन्द्र प्रधान, केन्द्रिय सदस्य रमेश बाबु श्रेष्ठ, पेशल ढकाल र भुवनेश्वर चौधरी रहेका छन् ।

विपद्को यस कठिन घडीमा पार्टीका नेता, कार्यकर्ता तथा शुभेच्छुकहरूबाट प्राप्त हुने सहयोगले बाढीप्रभावित नागरिकहरूको उद्धार र पुनस्थापनामा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास जसपा नेपालले लिएको छ ।

गाँजासहित एक युवक पक्राउ

टुडे समाचारदाता

लहान । सिरहा प्रहरीले ५५ किलो लागुऔषध गाँजासहित एक युवकलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालयका सिरहाका अनुसार गोलबजार सिरहाबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो ।

जिल्लाको नैनपुरबाट मुसहरनिया तर्फ आउँदै गरेको मोटरसाइकल चेकजाँचको क्रममा ५५ किलो गाँजा बरामद गरेको हो । प्रहरीले गाँजासहित सिरहा औरही गाँउपालिका वडा नम्बर ४ बस्ने २८ वर्षीय विक्रम यादवलाई पक्राउ गरेको जनाएको छ ।

३ वटा बोरामा गाँजा राखेर २-०१-००४ प ८३६४ नम्बरको मोटरसाइकलमा ओसारपसार गरिरहेको बेला यादवलाई पक्राउ गरिएको प्रहरी प्रवक्ता रमेशबहादुर पालले बताए । पालका अनुसार मोटरसाइकल सहित अभियुक्तलाई ईलाका प्रहरी कार्यालयमा राखेर थप अनुसन्धान भइरहेको छ ।

गोसाईकुण्ड हिँडेका लालबन्दीका ५ जना सम्पर्कविहिन

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको लालबन्दीबाट रुसुवाको गोसाइकुण्ड प्रस्थान गरेका पाँच जना सम्पर्कविहीन रहेका छन् ।

सम्पर्कविहीन हुनेहरुमा लालबन्दी नगरपालिका-५, मेजरगन्ज निवासी व्यवसायी एवं लायन्स क्लब लालबन्दीका पूर्व अध्यक्ष चिरञ्जीवी खतिवडा, शिक्षक कृष्णप्रसाद धमला, द्धारिका डङ्गोल, लालबन्दी नगरपालिका-९, बस्तीपुर घरभई काठमाडौँ बस्दै आउनुभएका माधव काफ्ले र नाम खुल्न नसकेका एक बालक रहेका लालबन्दी-५ का वडाध्यक्ष मीनप्रसाद ढुङ्गेल (रामु) ले जानकारी दिएका छन् ।

ढुङ्गेलले भने, "उनीहरु मंगलबार बेलुका यहाँबाट गोसाइकुण्डका लागि निस्कनुभएको भन्ने परिवारका सदस्यले सूचना दिएका छन् ।"

गोसाइकुण्ड हिँडेको टोलीका सबै सदस्यको मोवाइल बुधबार बिहान ९ बजेदेखि 'स्वीच अफ' रहेको छ । परिवारका

सदस्यका अनुसार बुधबार बिहान नुवाकोटको बट्टारमा रहँदासम्म गोसाइकुण्ड हिँडेकाहरुसँग कुराकानी भएको थियो ।

लायन्स क्लब लालबन्दीका पूर्व अध्यक्ष राजकुमार न्यौपानेका अनुसार, पाँच जनाको समूह निजी गाडीमा गोसाइकुण्ड गएको थियो । पाँचै जनाले बुधबार बिहान खाजा खाएको नुवाकोटस्थित होटलसमेत बगाएको र साथीहरु त्यहाँबाट अगाडि गोसाइकुण्डतर्फ हिँडेको भन्ने सूचना पाएको न्यौपानेले बताए ।

आफूसमेत मिसिएर आगामी आइतबार गोसाइकुण्डतर्फ जाने योजना बनाउँदै गर्दा अप्रिय घटना घटेको न्यौपानेको भनाइ छ। उहाँले भन्नुभयो, "म काठमाडौँबाट फर्किएपछि अहिले सम्पर्कविहीन हुनुभएका चिरञ्जीवी दाईसहित आइतबार गोसाइकुण्ड जाने भन्ने थियो तर दाईहरु मिलेर मङ्गलबार नै हिँड्नुभएको रहेछ ।"

सम्पर्कविहीन साथीहरुको अवस्था पत्ता लगाउन नुवाकोट, रसुवाक्षेत्रका व्यवसायी तथा चिनेजानेका साथीहरुसँग सम्पर्क गरिरहे पनि अवस्था थाहा हुन नसकेको न्यौपानेले बताउनुभयो । गोसाइकुण्ड हिँडेकाहरुसँग सम्पर्क नहुँदा र अवस्था अज्ञात रहँदा परिवारजनमा रुवावासी चलेको छ ।

भोटेकोशी बाढी पीडितका लागि शिवशक्ति ग्रुपद्वारा ६१ लाख रुपैयाँ सहयोग

टुडे समाचारदाता

बारा । रसुवाको भोटेकोशी नदीमाआएकोविनाशकारीबाढीबाट प्रभावितहरूका लागि शिवशक्ति ग्रुप परिवारले कुल ६१ लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ ।

भदौ १० गते बुधबार बिहान भोटेकोशी नदीमा आएको आकस्मिक र भीषण बाढीका कारण रसुवा, नुवाकोट, धादिङ,

गोरखा, तनहुँ, चितवन र नवलपर ासीलगायत आसपासका क्षेत्रमा ठूलो जनधनको क्षति भएको छ। उक्त अपूरणीय क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै बारा स्थित शिवशक्ति ग्रुप र सम्बद्ध संस्थाले राहत तथा उद्धारका लागि सहायता रकम उपलब्ध गराएका हुन् ।

बाढी प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले शिवशक्ति ग्रुप (सञ्चालकहरु राजकुमार अग्रवाल, सन्दीप कुमार अग्रवाल र राहुल कुमार अग्रवालसहित कम्पनी परिवार) को तर्फबाट 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' मा रु. ५१ लाख सहयोग हस्तान्तरण गरिएको एक प्रेस बिज्ञेप्ति जारी गरी शिवशक्ति ग्रुपले जनाएको छ ।

उक्त रकम अर्थमन्त्रीलाई हस्तान्तरण गरिएको छ । यसैगरी, बारास्थित रिलायन्स सुगर एण्ड केमिकल इन्डस्ट्रिज प्रा.लि.का तर्फबाट थप रु. १० लाखसहयोग प्रदान गरिएको छाविपद्को यस कठिन समयमा सम्पूर्ण उद्योगी, व्यवसायी, संघ-संस्था तथा आम नागरिकलाईआफ्नोक्षमताअनुसार राहत र उद्धार अभियानमा जुट्न शिवशक्ति ग्रुपले अपिलसमेत गरेको छ ।

वीरगञ्जमा दुई बालबालिकाको मृत्यु, सौतेनी आमा नियन्त्रणमा

टुडे समाचारदाता

वीरगञ्ज । गत तीन दिनभित्र वीरगञ्ज महानगरपालिका-२९ मुसैली गाउँमा दुई बालबालिकाको शंकास्पद मृत्यु भएपछि प्रहरीले उनीहरूकी सौतेनी आमा रोशनी मिश्रा चौबेलाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लका अनुसार रोशनीलाई घटनाबारे सोधपुछका लागि नियन्त्रणमा लिइएको हो । घटनाको वास्तविकता शवको पोस्टमार्टम प्रतिवेदन तथा थप अनुसन्धानपछि मात्र खुल्ने प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार मुसैलीका ९ वर्षीय आदर्श चौबेको आइतबार र उनकी बहिनी अनुष्का चौबेको मंगलबार शंकास्पद अवस्थामा मृत्यु भएको थियो। अनुष्काको शव पोस्टमार्टमका लागि काठमाडौं पठाइएको छ ।

मृतक बालबालिकाका मामा प्रिन्सकुमार त्रिपाठीले आदर्शको

मृत्युबारे परिवारलाई जानकारी नदिई अन्त्येष्टि गरिएको आरोप लगाएका छन् । अनुष्काको मृत्युको प्रकृति आदर्शको मृत्युसँग मिल्दोजुल्दो देखिएपछि परिवारले प्रहरीलाई जानकारी गराएको उनको भनाइ छ ।

परिवारका अनुसार बालबालिकाकी आमाको करिब तीन वर्षअघि मृत्यु भएको थियो। त्यसपछि उनीहरूका बुबा तारकेश्वर चौबेले रोशनीसँग दोस्रो विवाह गरेका थिए । परिवारले सौतेनी आमाबाट बालबालिकामाथि दुर्व्यवहार तथा शोषण भएको आरोपसमेत लगाएको छ। यद्यपि, उक्त आरोपको स्वतन्त्र पुष्टि हुन बाँकी छ ।

घटनाका बेला बालबालिकाका बुबा भारतमा रहेको र हाल बिरामी अवस्थामा वीरगन्ज हेल्थकेयर हस्पिटलमा प्रहरीको निगरानीमा उपचाररत रहेको प्रहरीले जनाएको छ ।

दुवै बालबालिकाको मृत्युको वास्तविक कारण पोस्टमार्टम रिपोर्ट आएपछि मात्र यकिन हुने प्रहरीको भनाइ छ। घटनाबारे प्रहरीले विभिन्न कोणबाट अनुसन्धान अघि बढाएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

बेपता ११ वर्षिय बालकको खोजी कार्य तीव्र

टुडे समाचारदाता

बारा । गत तीन दिनदेखि बेपता रहेको बाराको विश्रामपुर गाउँपालिका-३ मुसहर्वा उत्तरवारीटोलका ११ वर्षीय राजेश गुप्ता (मिटु) खोजी कार्य सुरक्षा निकायले तीव्र बनाएको छ ।

स्थानीय राजकुमार गुप्ताका छोरा राजेश मंगलबार बिहान करिब ९ बजेदेखि परिवारको सम्पर्कमा नरहेको जनाइएको छ । दिनभर खोजी गर्दा पनि बालक फेला नपरेपछि उनकी आमाले मंगलबार साँझ करिब ८ बजे प्रहरी चौकी बलिरामपुरमा जानकारी गराएकी थिइन् ।

सूचना प्राप्त भएपछि नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले सम्भावित स्थानमा खोजी सुरु गरेको थियो। इलाका प्रहरी कार्यालय प्रसौनी र सशस्त्र प्रहरी बल बीओपी बरैनियाबाट खटिएको टोलीले गाउँका विभिन्न टोल, खेतबारी, सरेह तथा आसपासका क्षेत्रमा खोजतलास गरेको प्रहरीले जनाएको छ ।

बालकको खोजीमा सुरक्षा

निकायसँगै राष्ट्रिय अनुसन्धान विभागका कर्मचारी, स्थानीय पत्रकार, वडा नम्बर ३ का वडाध्यक्ष तथा स्थानीय बासिन्दासमेत परिचालित भएका छन्। प्रहरीले चोक तथा सार्वजनिक स्थानमा जडान गरिएका सीसीटीभी क्यामेराका दृश्यसमेत अध्ययन गरिरहेको छ ।

बुधबार बिहानदेखि इलाका प्रहरी कार्यालय प्रसौनीका प्रहरी निरीक्षक सुमन थापाको नेतृत्वमा थप प्रहरी टोली परिचालन गरी खोजी तथा अनुसन्धानलाई तीव्र पारिएको छ। प्रहरीले स्थानीयसँग सोधपुछ गर्नुका साथै बालक पुग्न सक्ने सम्भावित स्थान पहिचान गरी खोजी गरिरहेको जनाएको छ ।

घटनाबारे जानकारी लिन जिल्ला प्रशासन कार्यालय बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्र, जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवर, सशस्त्र प्रहरी बल नम्बर १२ गण बाराका प्रहरी उपरीक्षक विशाल सिलवाल तथा राष्ट्रिय अनुसन्धानका उपनिर्देशक सरोज निरौलासहितको टोली बालकको घर पुगेको थियो ।

टोलीले परिवारका सदस्यसँग बालक सम्पर्कविहीन हुनुअघिको अवस्था तथा सम्भावित घटनाक्रमबारे जानकारी लिएको छ। अनुसन्धानका क्रममा मुसहर्वा गाउँका दुई बालक र उनीहरूका आमासँग समेत प्रहरीले सोधपुछ गरेको छ । उनीहरूलाई घटनामा आरोपित गरिएको नभई बालकको अवस्थाबारे थप जानकारी संकलन गर्ने क्रममा सोधपुछ गरिएको प्रहरीले स्पष्ट पारेको छ ।

लहान नगरपालिकाद्धारा ११ लाख रुपैया सहयोग

टुडे समाचारदाता

लहान । रसुवाको भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको अकल्पनीय बाढीप्रति दुःख व्यक्त गर्दै सिरहाको लहान नगरपालिकाले बाढीपीडितको उद्धार, उपचार, राहत तथा

पुनर्स्थापनाका लागि ११ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ।

लहान नगरपालिकाको कार्यपालिकाको ७३ औँ बैठकले नगर प्रमुख महेश प्रसाद चौधरीको एक महिनाको पारिश्रमिक तथा नगरपालिकाका अन्य सम्पूर्ण पदाधिकारी, कर्मचारी, शिक्षक र स्वास्थ्यकर्मीको एक दिन बराबरको तलबसमेत गरी जम्मा रु. ११ लाख प्रधानमन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रिय विपद् व्यवस्थापन कोषमा उपलब्ध गराउने निर्णय गरेको हो ।

बिहीबार आयोजित पत्रकार सम्मेलनमा नगर प्रमुख चौधरीले बाढीबाट प्रभावित परिवारप्रति गहिरो दुःख व्यक्त गर्दै नगरपालिकाले गर्न लागेको सहयोगबारे जानकारी दिएका छन् । उनले विपदमा परी ज्यान गुमाउने राष्ट्रसेवक तथा नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरे ।

चौधरीले विपद् कसैलाई भनेर नआउने भएकाले सम्भावित जोखिमप्रति सचेत रहन आम नागरिकलाई आग्रह गर्नुभयो। साथै, बाढीपीडितको राहत तथा पुनर्स्थापनामा सहयोग गर्न लहान नगरपालिकाअन्तर्गतका राजनीतिक दल, संघ-संस्था, उद्योगी-व्यापारी तथा आम नागरिकलाई समेत आह्वान गरेका छन् ।

नगर प्रमुख चौधरीका अनुसार जिल्लामा बाढीपीडितका लागि स्थानीय तहबाट सहयोग घोषणा गर्ने लहान नगरपालिका पहिलो भएको दाबी गरिएको छ। उहाँले अन्य स्थानीय तहले पनि विपद् का बेला पीडितको सहयोगमा अघि बढ्न आग्रह गरे ।

कार्यपालिकाको बैठकमा बाढीपीडितलाई सहयोग गर्ने विषयसँगै विविध विषय प्रस्तावका रूपमा राखिएको थियो। अन्य विविध विषयमा आगामी बैठकमा छलफल गर्ने गरी बैठक सम्पन्न भएको नगरपालिकाले जनाएको छ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

विपद्को पीडामा राज्यको परीक्षा

चीनको तिब्बतस्थित हिमताल फुटेर रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीले मुलुकलाई गहिरो शोकमा डुबाएको छ । रसुवा, नुवाकोट, धादिङ, गोरखा हुँदै त्रिशूली नदीको तटीय क्षेत्रसम्म फैलिएको बाढीले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएको समाचारले प्राकृतिक विपद्प्रति हाम्रो तयारी कति कमजोर छ भन्ने गम्भीर प्रश्न उठाएको छ । मृत्यु, बेपत्ता, घाइते र विस्थापितको संख्या बढ्दै जानु आफैंमा भयावह अवस्था हो । बाढी र पहिरोका कारण घर, सडक, पुल तथा जलविद्युत् आयोजनामा भएको क्षतिले विपद्को बहुआयामिक प्रभाव देखाएको छ । अझ जलविद्युत् आयोजना तथा सुरक्षाकर्मीसमेत ठूलो संख्यामा सम्पर्कविहीन हुनु र सयौं नेपाली तथा विदेशी पर्यटकको अवस्थाबारे यकिन हुन नसक्नुले उद्धार संयन्त्रका चुनौतीलाई उजागर गरेको छ । विकट भूगोल, अवरुद्ध सडक र सञ्चार सम्पर्कका कारण खोज तथा उद्धार कठिन हुनु स्वाभाविक भए पनि यस्तो अवस्थामा राज्यका सबै संयन्त्रबीचको समन्वय अझ प्रभावकारी हुन आवश्यक छ । यतिबेला सबैभन्दा ठूलो प्राथमिकता उद्धार, उपचार र राहत हुनुपर्छ । बेपत्ताको खोजीलाई तीव्र बनाउँदै घाइतेको सहज उपचार, विस्थापितका लागि सुरक्षित आश्रय, खाद्यान्न, खानेपानी र स्वास्थ्य सेवाको तत्काल व्यवस्था गरिनुपर्छ । उद्धारमा खटिएका सुरक्षाकर्मी तथा स्वास्थ्यकर्मीको सुरक्षालाई पनि उत्तिकै महत्व दिनुपर्छ । प्रभावित जिल्लालाई सरकारले उपलब्ध गराएको प्रारम्भिक राहत रकम स्वागतयोग्य भए पनि वास्तविक क्षतिको मूल्यांकनपछि आवश्यक स्रोतसाधन थप उपलब्ध गराउन ढिलाइ गर्नु हुँदैन । यस विपद्ले अर्को महत्वपूर्ण पाठ पनि सिकाएको छ । विपद् आएपछि मात्र सक्रिय हुने प्रवृत्तिबाट राज्य माथि उठ्नुपर्छ । जोखिमयुक्त नदी तटीय क्षेत्रको नियमित अनुगमन, पूर्वसूचना प्रणालीको विस्तार, सुरक्षित बस्ती विकास, आपत्कालीन सञ्चार प्रणाली तथा स्थानीय तहको क्षमता अभिवृद्धि अब विकल्प होइन, आवश्यकता हो । ठूला विकास आयोजना निर्माण गर्दा विपद् जोखिमलाई केन्द्रमा राखेर सुरक्षा मापदण्डको कडाइका साथ पालना गरिनुपर्छ । प्राकृतिक विपद्लाई पूर्ण रूपमा रोक्न नसकिए पनि त्यसबाट हुने क्षति घटाउन सकिन्छ । त्यसका लागि सरकार, सुरक्षा निकाय, स्थानीय तह, निजी क्षेत्र र नागरिक समाजबीच प्रभावकारी सहकार्य आवश्यक छ। अहिलेको संकटमा उद्धार र राहतमा कुनै ढिलाइ, लापरबाही वा समन्वयको अभाव स्वीकार्य छैन । पीडित नागरिकको जीवन रक्षा नै राज्यको पहिलो दायित्व हो। यस विपद्लाई केवल दुःखद् घटना मानेर बिर्सनुभन्दा भविष्यमा यस्ता विपद्बाट हुने क्षति न्यूनीकरण गर्ने दृढ संकल्पका रूपमा लिनु आजको आवश्यकता हो ।

लेहण्डे बाढी प्रकोप जहाँ मानव चुक्यो

डा.केदार कार्की

प्रारम्भिक अनुमान र नेपाल र चीनका वैज्ञानिकहरूसँगको छलफलको आधारमा, हिउँको हिमपहिरोले लाहेन्डे नदीलाई अवरुद्ध गरेको छ, जसले गर्दा बाढी आएको हो। हिमपहिरो नेपाल तर्फबाट (कतै २८.२८१०५१ डिग्री उत्तर र ८५.५४५४०४ डिग्री पूर्व) उत्पन्न भएको थियो, र अनुगमन स्टेशनहरूका अनुसार, पानीको स्तर अझै ७ मिटर गहिरो छ; हामी बाढीको अर्को लहरको आशा गर्न सक्छौं।

भोटेकोशी (त्रिशूली) नदीमा आएको भीषण बाढी र उच्च बहावले रसुवा, नुवाकोट, धादिङ र चितवनका तटीय क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ।

क्षेत्रगत क्षति र प्रभाव

रसुवा (उद्गम तथा माथिल्लो तटीय क्षेत्र):

मितेरी पुल तथा तातोपानी क्षेत्र आसपासका पूर्वाधारमा क्षति।पासाङ ल्हामु राजमार्गका विभिन्न खण्डहरूमा पहिरो र कटानले यातायात अवरुद्ध। जलविद्युत् आयोजनाका हेडवर्क्स तथा भौतिक संरचनामा क्षति।

नुवाकोट (मध्य तटीय क्षेत्र):

त्रिशूली नदीको बहाव बढेसँगै देवीघाट, बट्टार र आसपासका तटीय बस्तीहरू जोखिममा।नदी किनारका कृषि योग्य जमिन कटान तथा मर्मतसम्भार भइरहेका पुलहरूमा क्षति।

धादिङ (तल्लो तटीय क्षेत्र):

पृथ्वी राजमार्ग (गल्छी, मलेखु, जोगिमारा क्षेत्र) का तटीय भागमा कटान र साना बजारहरू डुबानको जोखिमा।त्रिशूली नदी किनारका रिसोर्ट, होटल तथा स्थानीय बस्तीहरूमा उच्च सतर्कता।

चितवन (देवघाट तथा नारायणी सङ्गम):

त्रिशूली र मरस्याङ्दी लगायतका नदीहरू मिसिएर देवघाट र नारायणी नदीमा जलसतह खतराको तहभन्दा माथि।चितवनका तल्लो तटीय क्षेत्र तथा नारायणी नदी किनारका बस्तीहरूमा डुबानको खतरा।

लेहेन्दे नदी/भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढी र पहिरो प्राकृतिक प्रकोप र मानव सिर्जित कमजोरीहरूको घातक मिश्रण (संयुक्त घटना)हो। तिब्बत क्षेत्रको माथिल्लो लेहेन्दे नदीमा हिमपहिरो वा ठूलो पहिरो खसेर नदीको बहाव रोकियो, जसले गर्दा अस्थायी ताल बन्यो। पानीको अत्यधिक दबाबका कारण उक्त बाँध अचानक फुट्दा तल्लो तटीय क्षेत्रमा भीषण लेदोसहितको बाढी (फ्लैश फ्लड / हिमनदी ताल फुट्ने बाढी) आयो। उच्च पहाडी क्षेत्रमा भएको भारी वर्षा र तापक्रम वृद्धिका कारण हिउँ छिटो पग्लिनाले नदीमा जलस्तर अचानक बढेको थियो।

हिमनदी ताल फुट्ने बाढी (नैइँ) तब हुन्छ जब उच्च उचाइमा रहेको हिमनदी तललाई रोक्ने प्राकृतिक बाँध अचानक भत्किन्छ वा फुट्छ।बढ्दो विश्वव्यापी तापक्रमका कारण हिमनदीहरू पछि हट्दै जाँदा, पग्लिएको बरफ खुकुलो चट्टान, बरफ, तलछट वा मोरेनले बनेको प्राकृतिक अवरोधहरू पछाडि जम्मा हुन्छ, जसले गर्दा सुपग्लेशियल वा प्रोग्लेशियल तालहरू सिर्जना हुन्छन्।प्राकृतिक बाँध भत्किएमा हिमपहिरो, चट्टान खस्दा, भारी वर्षा हुँदा वा संरचनात्मक अस्थिरता हुँदा भत्कन सक्छ। लाखौं घनमिटर जम्मा भएको पानी केही मिनेटमै तलतिर बग्छ, तलछट, रूखहरू र भारी फोहोर बगाउँछ, जसले गर्दा तलतिर विनाशकारी अचानक बाढी आउँछ।

भोटे कोशी र त्रिशुली नदी करिडोरमा सीमापार पानीको जोखिमको गम्भीर जोखिमका कारण नेपालले तिब्बती नदीको जलाधार क्षेत्रलाई नजिकबाट निगरानी गरिरहेको छ। नेपालमा स्थानीय वर्षा नभए पनि रसुवा जिल्ला (टिमुरे, रसुवागढी र स्याब्रुबेसीलाई असर गर्ने) हुँदै अचानक अगस्ट २०२६ मा आएको बाढीले यस्तो अवस्था सिर्जना गरेको थियो। यसले तिब्बतको ल्हान्डे नदी जलाधार क्षेत्रमा माथिल्लो भागमा अचानक हिमनदी ताल फुट्ने बाढी वा नदी अवरोध विस्फोट भएको संकेत गर्छ।

उत्तरी नेपालका धेरै प्रमुख नदीहरू तिब्बतबाट उत्पत्ति हुन्छन्। सीमापार दशौं किलोमिटर टाढा हुने विस्फोटले जमिन सेन्सर वा स्थानीय अधिकारीहरूले पत्ता लगाउनु अघि नै नेपालमा द्रुत, विशाल बाढी पठाउँछ।

आकस्मिक बाढीले व्यापार पूर्वाधार, भन्सार चौकी र पुलहरूलाई बगाएको छ, जबकि रसुवागढी र चिलिमे जस्ता महत्वपूर्ण जलविद्युत केन्द्रहरूलाई गम्भीर रूपमा क्षति पुऱ्याएको छ। त्रिशुली नदी बेसिनको तल्लो तटीय जिल्लाहरूमा जोखिम द्रुत रूपमा फैलिन्छ।

तिब्बतका हिमनदी तालहरू दुर्गम, बसोबास नभएको पहाडी भूभागमा अवस्थित भएकाले, विकासशील पग्लिने पानीका तालहरू वा संरचनात्मक भत्किएको पत्ता लगाउन सक्रिय उपग्रह इमेजरी विश्लेषण र चिनियाँ जलविज्ञान अधिकारीहरूसँग सीमापार पूर्व चेतावनी सहयोग आवश्यक पर्दछ।

नेपालमा बारम्बार आउने, विनाशकारी बाढी र पहिरो प्राकृतिक प्रकोप र मानव हस्तक्षेपको घातक संयोजनको परिणाम हो। हिमालय क्षेत्र भौगोलिक रूपमा युवा र कमजोर छ। यसको माटो र चट्टानहरू खुकुलो छन्, भारी वर्षा सहन असमर्थ छन्। मनसुन मौसममा बादल फुट्ने कारणले नदीको सतहमा अचानक वृद्धि हुन्छ। जलवायु परिवर्तनका कारण तिब्बत र नेपालमा उच्च-पर्वतीय हिमनदीहरू द्रुत गतिमा पग्लिरहेका छन्। हिमनदीहरूले बनेको प्राकृतिक तालहरू फुट्दा तल्लो क्षेत्रहरूमा अचानक बाढी आउँछ। पहाडहरू काटेर सडकहरू निर्माण गर्नु र कुनै पनि वातावरणीय र भौगर्भिक अध्ययन बिना नदीहरूको धेरै नजिक बस्ती वा जलविद्युत परियोजनाहरू निर्माण गर्नु गम्भीर गल्ती साबित भइरहेको छ। नदीहरूको प्राकृतिक प्रवाह मार्गमा स्थायी निर्माण र भिरालोमा रूखहरू काट्नुले माटोको क्षयलाई बढावा दिन्छ, जसले पहिरोको घटनालाई धेरै गुणा बढाउँछ। नेपालका धेरै प्रमुख नदीहरू तिब्बत (चीन) बाट उत्पत्ति हुन्छन्। सीमापारबाट तत्काल र सही जानकारीको अभाव र बलियो सतर्कता प्रणालीको अभावका कारण, तल्लो क्षेत्रका मानिसहरूले सुरक्षित स्थानहरूमा सर्ने समय पाउँदैनन्।

बाढीलाई प्रायः "प्राकृतिक प्रकोप" मानिन्छ, तर यसको विनाशकारी प्रभावको पछाडि मानवीय त्रुटि र लापरवाही मुख्य कारक हुन्। मानिसहरूले मुख्यतया निम्न तरिकाले बाढीको जोखिम र तीव्रता बढाउँछन्: नदीको जलाशय क्षेत्र, ताल र पोखरीहरूमा भवनहरू, उपनिवेशहरू र सडकहरू निर्माण गरिएका छन्। जब भारी वर्षा हुन्छ, पानी यसको प्राकृतिक निकासबाट वञ्चित हुन्छ, आवासीय क्षेत्रहरू डुबानमा पर्छन्।

रूखहरू र तिनीहरूका जराले वर्षाको पानीको प्रवाहलाई ढिलो बनाउँछ र माटोलाई ठाउँमा राख्छ। वन फँडानीले वर्षासँगै नदीहरूमा ठूलो मात्रामा माटो बगाउँछ। यसले नदीको किनारलाई माथि उठाउँछ र पानी समात्ने क्षमता घटाउँछ, जसले गर्दा पानीको सतहमा थोरै वृद्धि भए पनि बाढी आउँछ।

भौगर्भिक अध्ययन बिना नै ढलानहरूमा सडक र सुरुङहरू निर्माण गर्दा चट्टानहरू कमजोर हुन्छन्, पहिरो जान्छ, नदीहरू अवरुद्ध हुन्छन् र त्यसपछि अचानक बाढी आउँछ। सही समयमा जलाशयहरूबाट पानी नछोड्नु र पानीको सतह खतराको चिन्हभन्दा माथि उठ्दा अचानक लाखौं क्युसेक पानी छोड्नुले तल्लो क्षेत्रहरूको लागि विनाश निम्त्याउँछ।

मानव गतिविधिहरू (औद्योगीकरण, प्रदूषण, र जीवाश्म इन्धन जलाउने) का कारण विश्वव्यापी तापक्रम बढ्दै गएको छ। फलस्वरूप, मौसम चक्र अवरुद्ध भएको छ - एकै दिनमा एक महिनासम्म पानी पर्ने (बादल फुट्ने) वा हिमनदीहरू द्रुत गतिमा पग्लिने जस्ता घटनाहरू मानव निर्मित हुन्।

लेहण्डे बाढी (तिब्बत/नेपालबाट सुरु हुने लेहण्डे नदी/भोटे कोशी करिडोरलाई असर गर्ने ठूलो बाढी) मुख्यतया प्राकृतिक घटनाहरूबाट भएको थियो, तर मानवीय निरीक्षण र पूर्वाधारमा रहेको खाडलले यसको क्षतिलाई बढाएको छ।

प्राकृतिक ट्रिगरहरू:

बरफको हिमस्खलन र नदी बाँध:

प्रारम्भिक रिपोर्टहरूले बरफको हिमस्खलन/पहिरोले माथिल्लो लेहण्डे नदीलाई अवरुद्ध गरेको संकेत गर्दछ, जसले गर्दा तीव्र पानीको चापमा कृत्रिम बाँध बन्यो।

अत्यधिक वर्षा:

उच्च-उचाइको मुख्य पानी क्षेत्रहरूमा तीव्र वर्षा र द्रुत हिउँ पग्लिएर माटो संतृप्त भयो र ठूलो सतह बहाव भयो।

मानव सिर्जित कारकहरू र कमजोरीहरू :

जोखिमयुक्त क्षेत्रमा अनियोजित भौतिक संरचना: बाढी र पहिरोको जोखिम नक्सांकन नगरी नदी किनारमै सडक, बस्ती र जलविद्युत् आयोजना (जस्तैः रसुवागढी, चिलिमे) निर्माण गरिनु।

सीमापार पूर्वसूचना प्रणाली को अभावः तिब्बतको दुर्गम भूगोलमा नदी थुनिएको वा ताल बनेको तुरुन्त जानकारी नेपालका तल्लो तटीय क्षेत्रमा नपुग्दा मानिसहरूले सुरक्षित हुन पर्याप्त समय पाएनन्।

प्राकृतिक बहावमा हस्तक्षेप र वन विनाशः पहाडी ढलानहरूमा अव्यवस्थित तरिकाले डोजर चलाएर सडक खन्नु र रुख कटान गर्नाले माटोको पकड कमजोर भई पहिरोको जोखिम बढाएको छ।

अयोजना नगरिएको पूर्वाधार विकास:

उचित जोखिम नक्साङ्कन बिना जोखिमपूर्ण बाढी मैदानहरू र कमजोर नदी किनारहरूमा सिधै सडक, बस्ती र पुलहरू निर्माण गर्नाले लेहण्डे बाढीको जोखिममा उल्लेखनीय वृद्धि भयो।

सीमापार पूर्व चेतावनी प्रणालीको अभावः दुर्गम तिब्बती भूभागमा माथिल्लो नदी अवरोधहरूको बारेमा वास्तविक-समय सञ्चारमा ढिलाइको अर्थ तल्लो तटीय समुदायहरूमा पर्याप्त चेतावनी समयको अभाव थियो।

अतिक्रमण र वन फँडानीः ठाडो नदीको भिरालोमा वनस्पति हटाउने र भूमिको दोहनले माटोको स्थिरतालाई कमजोर बनायो, भग्नावशेषको समयमा फोहोरको बहाव र पहिरो बढ्यो।

विज्ञान र प्रविधिको माध्यमबाट मानवता चन्द्रमा र ताराहरूमा पुगेको छ, तर जब प्रकृतिले आफ्नो प्रकोप प्रकट गर्छ, तब सबै मानव प्रगति असहाय हुन्छ। बाढी, पहिरो र हिमनदी विस्फोट जस्ता हालैका विपत्तिहरू यसको स्पष्ट प्रमाण हुन्।

पूर्वानुमानका सीमितताहरूः हामी मौसम र प्रकोपको चेतावनी जारी गर्न सक्छौं, तर बाढी, बादल विस्फोट, वा अचानक बाढी (नैइँक) को भयानकतालाई रोक्नु मानव नियन्त्रणभन्दा बाहिर छ।

विकास विरुद्ध प्रकृतिको सन्तुलनः नदीहरूको प्राकृतिक प्रवाहमा अवरोध पुऱ्याउने, लापरवाहीपूर्वक पहाड काट्ने र वन फँडानी जस्ता गतिविधिहरूले मानवलाई प्रकोपहरूको लागि बढी जोखिममा पारेको छ।

क्षणभरमै विनाशः वर्षौंको कडा परिश्रमबाट बनाइएका घरहरू, पुलहरू, जलविद्युत परियोजनाहरू, र व्यावसायिक केन्द्रहरू प्रकृतिको एक प्रहारले कार्डको घर जस्तै ढल्छन्।

लेहेन्दे विपत्को सुरुवात प्राकृतिक प्रक्रिया (हिमपहिरो र नदी थुनिनु) बाट भएको भए तापनि, क्षतिको आकार र जनधनको विनाश भने मानव सिर्जित असावधानी, फितलो तयारी र अनियोजित विकासका कारण बढेको हो। विज्ञानले हामीलाई प्रकोपहरूको बारेमा अग्रिम जानकारी र तिनीहरूबाट बच्न समय दिन सक्छ, तर प्रकृतिको क्रोधलाई पूर्ण रूपमा रोक्नु मानव नियन्त्रणभन्दा बाहिर छ।

भोटेकोसी बाढी संकट : राज्यलाई सहयोग गर्ने समय

महेश्वर दाहाल

देश फेरि शोकमा छ । हामीले दुःखलाई पनि कति धेरै किस्तामा भोगिसक्यौं । कहिले भूकम्पले घरसँगै सपना भत्कायो । कहिले पहिरोले बस्ती बगायो । कहिले सप्तकोशी, रोशीले मानिसका जीवन र वर्षौंको कमाइ एकैछिनमा खोस्यो । कहिले हिमपहिरो, कहिले हिमताल विष्फोट, कहिले आकस्मिक बाढी । विपद्का नाम फरक छन् तर हरेकपटकको पीडा उस्तै छ । मानिसको घर रित्तिन्छ । परिवार छुट्टिन्छ । आमाको काख खाली हुन्छ ।

बुधबार बिहानै रसुवा, भोटेकोशी क्षेत्रमा आएको आकस्मिक बाढीले नेपाल-चीन सीमादेखि नुवाकोट, धादिङलगायतका क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ । उद्धार र खोजी जारी छ । त्यसैले मृतक, बेपत्ता र भौतिक क्षतिको अन्तिम विवरण आएको छैन । अहिले मानिसको जीवन ठूलो हो । अहिलेको पहिलो काम एउटै हो, मानिस बचाउनू । यस्तो बेला देश शोकमा हुन्छ । तर शोक भनेको आँसु मात्रै होइन जिम्मेवारी पनि हो ।

सरकारले उद्धार गरिरहेको छ । सुरक्षा निकाय परिचालित छन् । स्थानीय तहहरू मैदानमा छन् । नागरिक समाज, स्वयंसेवक र विभिन्न संघसंस्था सहयोगमा जुटेका छन् ।

राजनीतिक दलहरूसँग देशभर फैलिएको ठूलो सामाजिक संयन्त्र छ । हजारौं कार्यकर्ता गाउँ-गाउँमा छन् । त्यसैले दलहरूले आफ्नो संगठनलाई राजनीतिक नाराका लागि होइन, नागरिक बचाउन प्रयोग गर्नुपर्छ । राहत सामग्री जुटाउन सकिन्छ । स्वयंसेवक परिचालन गर्न सकिन्छ । अस्थायी आवास बनाउन सहयोग गर्न सकिन्छ । उद्धारमा राज्यका संयन्त्रलाई सघाउन सकिन्छ ।

तर, राहतका नाममा समानान्तर सत्ता बनाउनु हुँदैन । जसले जहाँबाट सहयोग उठाउँछ, त्यो एउटै पारदर्शी प्रणालीमा, सरकारको प्रणालीमा आउनुपर्छ । पैसा कहाँबाट आयो, कहाँ खर्च भयो, कसलाई दिइयो, सबै सार्वजनिक हुनुपर्छ । पीडितको दुःख कसैको राजनीतिक प्रचार सामग्री बन्नु हुँदैन । संकटमा पनि आफ्नो झण्डा अग्लो देखाउन, अग्लो देखिन खोज्ने प्रवृत्ति नागरिक पीडामाथिको हो । यो राजनीति गर्ने समय होइन, राज्यलाई सहयोग गर्ने समय हो । सरकारको कामलाई सहयोग गर्ने समय हो ।

अझ अर्को संवेदनशील विषय छ, यो बाढी छिमेकी चीनदेखि आएको हो । नेपाल-चीन सीमाक्षेत्रसँग जोडिएको साझा प्राकृतिक जोखिम हो यो । सीमाको एउटा छेउमा विपद् आउँदा अर्को छेउ अछुतो रहँदैन । नदीले पासपोर्ट हेर्दो रहेनछ । पहिरोले सीमा सोध्दैन रहेछ । हिमालले दुई देशको राजनीतिक नक्सा चिन्दैन रहेछ । त्यसैले जोखिम पनि साझा हो र त्यसको सामना गर्ने जिम्मेवारी पनि धेरै हदसम्म साझा हुनुपर्छ । क्षति नेपालतिर मात्रै भएको छैन । उता पनि भएको छ । त्यसैले 'उसले सूचना दिएन', 'यसले लुकायो' भन्दै अनुमान र आरो राजनीतिको दुरूत्साहन गरौं !

अहिले सामाजिक सञ्जालमा गलत सूचना र अपुष्ट दाबीहरू फैलिन थालेका छन् । पुराना फोटो र भिडियो नयाँ घटनासँग जोडिएका छन् । मृतकको संख्या बढाएर प्रस्तुत गर्ने, प्रमाणबिनाका आरोप लगाउने र विपद्लाई राजनीतिक उत्तेजनाको सामग्री बनाउने काम झन् पीडादायी हुन्छ । विपद् का बेला सत्य सूचना पनि उद्धारको एउटा माध्यम हो । गलत सूचना आफैं अर्को विपद् बन्न सक्छ । यो घटना राहत दिएर टार्न वा बिर्सन सकिने विषय होइन ।

चीन सक्षम छ भने त्यसबाट सहयोग लिनु नेपालको सार्वभौमसत्ताविरुद्ध हुँदैन । असल छिमेकीसँग विपद्का बेला सहयोग माग्नु कमजोरी होइन, परिपक्व कूटनीति हो । उद्धार, राहत, सडक, पुल, सञ्चार, पूर्वसूचना प्रणाली र भौतिक पूर्वाधार पुनर्निर्माणमा चीनसँग सहकार्य गर्न सकिन्छ । हामीले वर्षौंदेखि जलवायु परिवर्तनको कुरा गरिरहेका छौं । हिमनदी पग्लिरहेका छन् । हिमतालको अवस्था बदलिँदैछ । हिमाली क्षेत्रमा तापक्रम बढिरहेको छ । विज्ञहरूले हिमताल विस्फोट, हिमपहिरो, पहिरो र आकस्मिक बाढीका जोखिमबारे चेतावनी दिइरहेका छन् । तर हाम्रो नीति, पूर्वाधार र विपद् हेर्दा लाग्छ, हामी अझै विपद् आउनुअघि तयार हुन सकेका छैनौं । सिकेका छैनौं ।

हामी विपद् आएपछि दौडिन्छौं । हेलिकोप्टर खोज्छौं । राहत बोकेर पुग्छौं । मृतक गन्छौं । केही दिन शोक मनाउँछौं । त्यसपछि विस्तारै बिर्सन्छौं । अनि अर्को विपद् आउँदा फेरि त्यही चक्र दोहोरिन्छ ।

भोटेकोशीको घटनालाई सामान्य वर्षाको बाढी भनेर अहिले नै निष्कर्ष निकाल्नु उचित हुँदैन । हिमाली क्षेत्रमा हिमपहिरो खस्न सक्छ । चट्टान नदीमा खस्न सक्छ । नदी थुनिन सक्छ । अस्थायी ताल बन्न सक्छ । त्यसपछि एकैपटक ठूलो पानी तलतिर आउन सक्छ । वास्तविक कारण वैज्ञानिक अध्ययनले बताउनेछ । त्यसैले अहिले अनुमान होइन, अनुसन्धान आवश्यक छ ।

अब राहतसँगै दीर्घकालीन तयारीमा लाग्नुपर्छ । हिमताल र हिमनदीको निरन्तर निगरानी हुनुपर्छ । जोखिमको पूर्वानुमान गर्ने आधुनिक प्रणाली विकास गर्नुपर्छ । नेपाल-चीन सीमाक्षेत्रमा संयुक्त पूर्वसूचना संयन्त्र बनाउनुपर्छ । सूचना स्थानीय तहसम्म होइन, जोखिममा रहेका प्रत्येक परिवारसम्म पुग्ने व्यवस्था हुनुपर्छ । मोबाइलमा पुग्ने गरी प्रणालीको विकास गर्नुपर्छ । विकास भनेको सडक र पुल बनाउनु मात्रै होइन । विकास भनेको मानिसलाई सुरक्षित राख्नु पनि हो ।

बाढी रोक्न सकिँदैन । पहिरो रोक्न सधैं सकिँदैन । हिमताल फुट्नबाट सबैपटक रोक्न सकिँदैन । तर त्यसबाट हुने क्षति घटाउन सकिन्छ । समयमै सूचना दिन सकिन्छ । सुरक्षित ठाउँमा सार्न सकिन्छ । पूर्वतयारी गर्न सकिन्छ । उद्धारको अभ्यास गर्न सकिन्छ ।

देश अहिले शोकमा छ । यो शोकलाई राजनीतिक विभाजनमा होइन, राष्ट्रिय एकतामा बदलौं ! सबै राहत र सहयोग राज्यको समन्वयमा एउटै बास्केटबाट गरौं ! राजनीतिक दलहरू आफ्ना कार्यकर्ता लिएर राज्यसँग उभिऊन् ! सञ्चारमाध्यमले तथ्यको रक्षा गरून् ! नागरिक समाजले स्वयंसेवा गरोस् ! सक्षम छिमेकीसँग सहयोग लिऔं ! पीडितसँग उभिऔं ! आज हामीले कसैलाई दोष दिनुभन्दा पहिले कसैलाई बचाउनुपर्छ ।

आज एउटा आमाको छोरालाई घर फर्काउन सकिन्छ कि सकिँदैन, एउटा बाबुलाई आफ्नो परिवार भेटाउन सकिन्छ कि सकिँदैन, एउटा बालकलाई सुरक्षित राख्न सकिन्छ कि सकिँदैन, प्रश्न अहिले यति मात्रै हो ।

किनकि विपद् सकिएपछि सडक बन्ला । पुल बन्ला । समाचारका शीर्षक फेरिएलान् । सामाजिक सञ्जालमा अर्को विषय आउला । तर जसको घर बग्यो, जसको मान्छे हरायो, जसको काख रित्तियो, उसका लागि विपद् समाचार होइन, जीवनभरको घाउ हो ।

त्यसैले आज राजनीति होइन, राज्यलाई सहयोग गरौं ! र, भोलिका पुस्ताले हामीलाई फेरि यही प्रश्न नसोधुन्, विपद् आउने कुरा थाहा हुँदाहुँदै पनि हामी किन तयारी थिएनौं, हामी किन गम्भीर भएनौं ? यो लेख रातोपाटीडटकमबाट साभार गरिएको छ ।

बाढीपीडितको उद्धार र राहतलाई पहिलो प्राथमिकता दिन प्रधानमन्त्रीको निर्देशन

नुवाकोट। प्रधानमन्त्री वालेन्द्र साहले भोटेकोशी बाढीबाट प्रभावित नागरिक र तिनका परिवारलाई तत्काल राहत उपलब्ध गराउन तथा उद्धार कार्यलाई पहिलो प्राथमिकतामा राख्न निर्देशन दिनुभएको छ।

बुधबार अकस्मात भोटेकोशीमा बाढी गएपछि उच्चस्तरीय बैठक आह्वान गरी मातहतका निकायलाई आवश्यक निर्देशन दिँदै आउनुभएका प्रधानमन्त्री शाहले बिहीबार बिहान बाढी प्रभावित क्षेत्रको स्थलगत अवलोकन गर्नुभएको हो।

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाका अनुसार नुवाकोटस्थित नेपाली सेनाको श्री नं. १ गण तालिम केन्द्र, मैथली क्याम्पमा आज बसेको उच्चस्तरीय बैठकमा प्रधानमन्त्री शाहले राहत तथा उद्धारमा विशेष ध्यान दिन जिल्लास्थित सम्पूर्ण संयन्त्रलाई निर्देशन दिनुभयो। उहाँले अवरुद्ध सडक तथा अन्य पूर्वाधार शीघ्र सञ्चालनमा ल्याउन र दीर्घकालीन पुनःस्थापनाको कामलाई तीव्रता दिन स्थानीय प्रशासन तथा सम्बद्ध निकायलाई निर्देशन दिनुभएको मन्त्री डा.तिमिल्सिनाले जानकारी दिनुभयो।

"सङ्कटग्रस्त जिल्ला घोषणा भइसकेको अवस्थामा उद्धार र राहतलाई प्राथमिकता दिन प्रधानमन्त्रीले निर्देशन दिनुभएको छ। उहाँले 'जीवन उद्धार पहिलो प्राथमिकतामा पर्नुपर्छ। सङ्कटको समयमा सरकार साथमै छ। सरकार चिन्तित छ, पीडितको राहत र सहयोगका लागि कुनै अभाव हुन दिँदैनौँ' भन्नुभएको छ," प्रधानन्त्रीको भनाई उद्धृत गर्दै मन्त्री तिमिल्सिनाले भन्नुभयो।

बैठकमा प्रधानमन्त्री शाह, पूर्वाधार विकासमन्त्री सुनील लम्साल, सञ्चारमन्त्री डा. तिमिल्सिना, प्रधानसेनापति अशोकराज सिग्देल, प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुखको सहभागी हुनुहुन्थ्यो।

एकद्वार प्रणालीमार्फत राहत तथा उद्धार

बैठकपछि नुवाकोटका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले प्रधानमन्त्रीको निर्देशनबमोजिम सबै निकायलाई 'हाई अलर्ट'मा राखेर विपद् पछिको कार्य भइरहेको जानकारी दिनुभयो।

उहाँले ठूलो र अकल्पनीय विपद् परेकाले उद्धार तथा राहतको काम चुनौतीपूर्ण भए पनि जिल्लामा आएका राहत सामग्री जिल्ला प्रशासन कार्यालयको समन्वयमा एकद्वार प्रणालीमार्फत स्थानीय तह र राजनीतिक दलसँग समन्वय गरी आवश्यकताका आधारमा प्रभावित क्षेत्रमा पुऱ्याइएको बताउनुभयो।

बाढी प्रभावित क्षेत्रमा धेरै पुल बगेकाले पुल निर्माणलगायत विषयमा उच्चस्तरीय संयन्त्रमा छलफल गरी आवश्यक निर्णय लिइने उहाँले जानकारी दिनुभयो। "विद्युत् आपूर्ति जोडिएको छ। धेरै पुल बगेकाले बेलीब्रिज बनाउने कि अन्य विकल्पमा जाने भन्ने विषयमा उच्चस्तरीय संयन्त्रमा छलफल गरेर अगाडि बढछौँ," प्रजिअ रेग्मीले भन्नुभयो।

नेपाल टेलिकम, एनसेललगायत दूरसञ्चार सेवा प्रदायक कम्पनीका टावरमा विद्युत् आपूर्ति नहुँदा हेलिकप्टरमार्फत जेनेरेटर पठाएर विद्युत् आपूर्ति सुचारु गरिएको उहाँले बताउनुभयो। विद्युत् आपूर्ति भएपछि दूरसञ्चार सेवा पनि सहज भएको उहाँको भनाइ छ। प्रजिअ रेग्मीका अनुसार जिल्लाको आन्तरिक व्यवस्थापनलाई सहज बनाउन अधिकतम प्रयास भइरहेको छ।

हेलिकप्टरबाट ४१४ जनाको उद्धार

बाढी प्रभावित क्षेत्रबाट हालसम्म हेलिकप्टरमार्फत ४१४ जनाको उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये ६४ जना विदेशी नागरिक रहेका छन्। तीमध्ये १८ जनालाई सम्बन्धित दूतावास वा सम्पर्क सूत्रमार्फत पठाइसकिएको छ भने बाँकी विदेशी नागरिकलाई अस्थायी सेल्टरमा राखिएको छ।

उद्धार गरिएका नेपाली नागरिकमध्ये १८९ जनालाई सम्बन्धित परिवारको जिम्मा लगाइएको छ। बाँकीलाई जिल्लाका विभिन्न सात स्थानमा स्थापना गरिएका अस्थायी सेल्टरमा राखिएको छ। हालसम्म करिब एक हजार २०० जना सेल्टरमा रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

जिल्ला प्रशासन कार्यालयका अनुसार जिल्लाभित्र हालसम्म २६ वटा शव फेला परेका छन्। तीमध्ये आठ वटा शव काठमाडौँ पठाइसकिएको छ। सरकारले उद्धार तथा राहत वितरण कार्यलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको जनाएको छ। रासस

विनाशकारी बाढीको पीडामा परेको नेपाललाई सहयोग गर्न अध्यक्ष दाहालद्वारा अपिल



टुडे समाचारदाता

काठमाण्डु। राष्ट्रिय सभा अध्यक्ष नारायण प्रसाद दाहालले नेपालमा आएको विनाशकारी बाढीबाट ठुलो मानवीय तथा भौतिक क्षति भएको उल्लेख गर्दै उद्धार, राहत र पुनःस्थापनाका लागि संयुक्त राष्ट्रसंघ र सम्पूर्ण अन्तर्राष्ट्रिय समुदायसँग मानवीय सहयोग तथा ऐक्यबद्धताको लागि अपिल गरेका छन्।

कम्बोडियाको फ्नोम पेनमा जारी दोस्रो अन्तर-व्यवस्थापकीय सभामुख/अध्यक्ष सम्मेलन (आईएससी-२) लाई सम्बोधन गर्दै अध्यक्ष दाहालले अगस्ट २६ मा नेपालमा आएको अकल्पनीय विनाशकारी बाढीले ठुलो क्षति पुऱ्याएको उल्लेख गर्दै अन्तर्राष्ट्रिय समुदायको मानवीय ऐक्यबद्धता आवश्यक रहेको बताए।

अध्यक्ष दाहालले भने, "यस सम्मेलनमार्फत संयुक्त राष्ट्रसङ्घ तथा सम्पूर्ण अन्तर्राष्ट्रिय समुदायसमक्ष उद्धार, राहत र पुनःस्थापनाका लागि मानवीय सहयोग तथा ऐक्यबद्धताको हार्दिक अपिल गर्दछु।"

नेपालमा आएको पछिल्लो विनाशकारी बाढीको प्रसङ्ग जोड्दै अध्यक्ष दाहालले जलवायु परिवर्तनमा न्यून भूमिका रहेका नेपाललगायतका राष्ट्रहरू अरूको कारणले सिर्जित संकटको चपेटामा परेको बताए। उनले जलवायु परिवर्तनबाट प्रभावित र पीडित राष्ट्रहरूका लागि विशेष अन्तर्राष्ट्रिय कोषको व्यवस्था गर्न विश्वका संसद् र अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराए।

"जलवायु परिवर्तनमा न्यून भूमिका रहेका नेपाल लगायतका राष्ट्रहरू अरूको कारणले पीडित छन्,' उनले भने, 'पीडित राष्ट्रहरूका लागि विशेष कोषको व्यवस्था गर्न म सबै सांसदहरूको ध्यानाकर्षण गराउन चाहन्छु।"

शान्ति र साझा समृद्धिका लागि एकताः अन्तर्राष्ट्रिय कानुनको सुदृढीकरण र विवादहरूको शान्तिपूर्ण समाधान विषयक ३ दिने सम्मेलनको दोस्रो दिन नेपालको तर्फबाट अध्यक्ष दाहालले सम्बोधन गरेका छन्।

अध्यक्ष दाहालले अहिले विश्व युद्ध, सशस्त्र द्वन्द्व, भूराजनीतिक प्रतिस्पर्धा, जलवायु परिवर्तन र तीव्र गतिमा विकसित हुँदै गएको प्रविधिका कारण गम्भीर चुनौतीमा रहेको बताए। अन्तर्रनिर्भर विश्वमा कुनै पनि शक्तिशाली राष्ट्रले समेत यस्ता चुनौतीको एक्लै सामना गर्न नसक्ने उल्लेख गर्दै उहाँले बहुपक्षीय सहकार्य र संवादको विकल्प नभएको बताए।

उनले विश्व शान्ति र आपसी समझदारीका लागि सांसदहरूले सरकारको विकल्पका रूपमा नभई संसदीय कूटनीतिमार्फत् विशिष्ट भूमिका खेल्न सक्ने धारणा राखे। राजनीतिक तथा कूटनीतिक सम्बन्धमा तनाव उत्पन्न भएका बेला पनि सांसदहरूबिचको संवादले विश्वास निर्माण र वार्ताको वातावरण तयार गर्न सक्ने उनले बताए।

बाढीपीडितका लागि कर्मचारीको तलबबाट ३६ करोड सहयोग

टुडे समाचारदाता

काठमाण्डु। रसुवाको भोटेकोशी बाढीपीडितहरूको राहत तथा पुनः स्थापनाका लागि संघीय निजामती कर्मचारीहरूको २ देखि १० दिनसम्मको तलब कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा करिब ३६ करोड रुपैयाँ जम्मा गर्ने निर्णय सरकारले गरेको छ।

नुवाकोटको बाढी प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गरी फर्किएलगत्तै प्रधानमन्त्री बालेन्द्र साहले सिंहदरबारमा मुख्यसचिवसहित विषयगत मन्त्रालयका सचिवहरूसँग आपत्कालीन बैठक डाकेपछि यस्तो निर्णय गरिएको छ।

बैठकमा प्रधानमन्त्री साहले बाढी प्रभावित क्षेत्रमा उद्धार कार्यलाई तीव्र बनाउन, घाइतेहरूको निःशुल्क तथा प्रभावकारी उपचार गर्न र विस्थापित परिवारलाई तत्काल राहत सामग्री पुऱ्याउन निर्देशन दिएका छन्।

विशेष गरी विस्थापितहरूका लागि निर्माण गरिएका राहत क्याम्पहरू पूर्ण रूपमा व्यवस्थित र सफा हुनुपर्ने, व्यक्तिगत गोपनीयताको पालना सुनिश्चित गरिनुपर्ने तथा महिला, बालबालिका र वृद्धवृद्धालाई विशेष सुरक्षा र सम्मानका साथ राख्न प्रधानमन्त्रीले आदेश दिएका छन्।

प्रधानमन्त्री साहको निर्देशनानुसार मुख्यसचिवको अध्यक्षतामा बसेको सचिव बैठकले राष्ट्रसेवक कर्मचारीहरूको भदौ महिनाको तलबबाट श्रेणीविहीन कर्मचारीको २ दिन, राजपत्र अनंकितको ५ दिन, राजपत्रांकित तृतीय र द्वितीय श्रेणीको ७ दिन तथा प्रथम र विशिष्ट श्रेणीका कर्मचारीको १० दिन बराबरको पारिश्रमिक कट्टा गर्ने निर्णय गरेको छ।

यसबाट संघीय सरकारका कर्मचारीबाट मात्रै करिब ३६ करोड रुपैयाँ जुट्ने अनुमान गरिएको छ भने प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक निकायका कर्मचारीहरूलाई समेत सोहीबमोजिम कोषमा योगदान गर्न आह्वान गरिएको छ।

विपद् व्यवस्थापन कार्यलाई चुस्त बनाउन कर्मचारीहरूलाई सार्वजनिक बिदाका दिनमा समेत काममा खटाइने व्यवस्था मिलाइएको छ।

यसका साथै, विपद् को अवस्थालाई ध्यानमा राखी अत्यावश्यक कामबाहेक कर्मचारीहरूको काज खटाउन र बिदा स्वीकृत गर्न रोक लगाइएको छ। हाललाई प्रदेश र स्थानीय तहका कर्मचारीलाई केन्द्रमा बोलाएर गरिने गोष्ठी, सेमिनार र तालिमहरू समेत स्थगित गरिएको छ।

त्यस्तै बाढीका कारण क्षतिग्रस्त भएका सडक, पक्की पुल, विद्युत्, खानेपानी र दूरसञ्चारलगायतका अत्यावश्यक पूर्वाधार तथा सार्वजनिक सेवाहरू तत्काल पुनः सञ्चालन गर्न सम्बन्धित मन्त्रालय तथा निकायहरूलाई युद्धस्तरमा काम अघि बढाउन निर्देशन दिइएको छ।

'भूकम्पपछि हिमपहिरो र पहिरो, नेपाललाई सहयोग गर्न तयार छौँ'

टुडे समाचारदाता

काठमाण्डु। नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङले रसुवागढी-केरुङ सीमाक्षेत्रमा आएको भीषण बाढीको प्रारम्भिक कारण नेपालतर्फ गएको भूकम्पपछि हिमपहिरो र त्यसपछि आएको पहिरो हुन सक्ने बताएका छन्।

नेपाल टेलिभिजन वर्ल्डसंगको अन्तर्वार्तामा राजदूत चाङले उपलब्ध प्रारम्भिक सूचनाअनुसार बिहान नेपालतर्फ भूकम्प गएको र त्यसपछि हिमपहिरो तथा पहिरो खस्दा जिरोङ-रसुवागढी सीमाक्षेत्रको नेपाल र चीन दुवैतर्फ ठूलो क्षति भएको जानकारी आएको बताएका छन्।

प्राकृतिक विपत्तिबाट भएको मानवीय क्षतिप्रति दुःख व्यक्त गर्दै उनले कठिन परिस्थितिमा चीन नेपालसँगै रहेको र आवश्यक सहयोग गर्न तयार रहेको बताए।

राजदूत चाङका अनुसार चिनियाँ राष्ट्रपति सी चिनफिङले विपत्तिप्रति उच्च चासो व्यक्त गर्दै बेपत्ता भएकाहरूको खोजी तथा उद्धारलाई पहिलो प्राथमिकतामा राख्न निर्देशन दिए।

जोखिममा रहेका मानिसलाई तत्काल सुरक्षित स्थानमा सार्न, घाइतेको शीघ्र उपचार गर्न तथा मानवीय क्षति न्यून गर्न राष्ट्रपति सीले निर्देशन दिएको उनले बताए। थप जोखिम रोक्न निरन्तर निगरानी र पूर्वसूचना प्रणालीलाई बलियो बनाउन तथा वैज्ञानिक ढंगले उद्धार अभियान सञ्चालन गर्न पनि जोड दिइएको उनले जानकारी दिए।

विपत्तिपछि नेपालस्थित चिनियाँ दूतावासले आपत्कालीन संयन्त्र सक्रिय बनाएको र प्रभावित क्षेत्रमा रहेका चिनियाँ नागरिक तथा व्यवसायको अवस्थाबारे जानकारी संकलन गरिरहेको राजदूतले बताए।

दूतावासले नेपाली सरकार तथा सम्बन्धित निकायलाई उद्धार कार्यलाई उच्च प्राथमिकतामा राख्न आग्रह गर्नुका साथै घटनास्थलमा कार्यदल पठाएर उद्धार तथा समन्वयमा सहयोग गरिरहेको उनले जानकारी दिए।

रसुवागढी सीमाको चिनियाँतर्फसमेत ठूलो क्षति भएको उल्लेख गर्दै राजदूत चाङले चीनले नेपालका लागि आपत्कालीन सामग्री तथा नगद सहयोग उपलब्ध गराउने प्रक्रिया अघि बढाएको बताए।

उनले चिनियाँ कम्युनिस्ट पार्टीको राजनीतिक ब्युरोका सदस्य तथा चीनको राज्य परिषद् का उपप्रधानमन्त्री चाङ गुओछिङ सम्बन्धित मन्त्रालयका अधिकार ीसहित तिब्बत पुगेर उद्धार तथा विपद् व्यवस्थापनको कामको नेतृत्व गरिरहेका छन्।

राजदूत चाङले विपत्तिपछि नेपाल सरकार तथा सम्बन्धित निकायले गरेको उद्धार र व्यवस्थापनको प्रयासको प्रशंसा गर्दै नेपाली जनताले देखाएको धैर्य र विपत्तिसँग जुध्ने क्षमताको समेत सराहना गरे।

राजदूत चाङले नेपाल र चीनले पछिल्लो विपत्तिबाट पाठ सिक्दै आगामी दिनमा विपद् न्यूनीकरण तथा आपत्कालीन व्यवस्थापनमा सहकार्य थप बलियो बनाउनुपर्ने बताए।

उनले मौसम, जलविज्ञान तथा भौगर्भिक विपद्सम्बन्धी सूचना आदानप्रदान, निगरानी र पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिए। सीमापार विपद्सम्बन्धी सूचना तत्काल आदानप्रदान गर्ने संयन्त्र विकास गरी विपद् को प्रारम्भिक पहिचान, पूर्वसूचना र तत्काल प्रतिक्रिया सुनिश्चित गर्नुपर्ने उनको भनाइ छ।

त्यस्तै, आपत्कालीन उद्धारका क्रममा दुवै देशबीच सञ्चार, समन्वय र संस्थागत क्षमता विकास गर्नुपर्ने उनले बताए। जनशक्ति तालिम, प्राविधिक आदानप्रदान तथा आपत्कालीन सामग्री व्यवस्थापनमा समेत सहकार्य बढाउनुपर्ने उनको सुझाव छ।

नेपाल र चीन पहाड तथा नदीले जोडिएका निकट छिमेकी भएको उल्लेख गर्दै राजदूत चाङले नेपाललाई आवश्यक पर्दा चीन आफ्नो क्षमताले भ्याएसम्म सहयोग र समर्थन गर्ने स्पष्ट पारेका छन्।

'राजनीतिक शक्ति एक ठाउँमा उभिएर उद्दार र राहतमा जुटौँ'

टुडे समाचारदाता

काठमाण्डु। नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का संयोजक पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रिय विपत्तिको समयमा सबै राजनीतिक दल र सरोकारवाला निकाय एकजुट भएर खोज, उद्धार, राहत तथा पुनःस्थापनाका कार्यमा जुट्नुपर्ने बताएका छन्।

बिहीबार बसेको सर्वदलीय बैठकमा संयोजक प्रचण्डले हाल देश गम्भीर प्राकृतिक विपत्तिको सामना गरिरहेको उल्लेख गर्दै बताउँदै उनले भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढी सामान्य प्राकृतिक घटना मात्र नभएको बताए।

उनले भविष्यमा यस्ता विपत्तिको जोखिम न्यूनीकरणका लागि वैज्ञानिक अध्ययन, प्राविधिक तयारी र दीर्घकालीन राष्ट्रिय रणनीति आवश्यक रहेको बताए।

संयोजक प्रचण्डले तत्काल खोजी, उद्धार, उपचार, राहत र पुनःस्थापनाका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न सरकार, राजनीतिक दल र

राजनीतिक मतभेदभन्दा राष्ट्रिय हितलाई प्राथमिकता दिनुपर्ने बताए।

संयोजक प्रचण्डले भने, 'राष्ट्रिय संकटको सामना गर्न एकजुट बनौँ। अहिले देश एउटा गम्भीर प्राकृतिक विपत्तिको सामना गरिरहेको छ। यस्तो अवस्थामा लामो बहस वा राजनीतिक आग्रह-पूर्वाग्रहमा अल्झिने होइन, सबै राजनीतिक शक्ति एक ठाउँमा उभिएर खोजी, उद्दार, राहतमा जुट्ने समय हो।'

यस्तो संकटका बेला लामो राजनीतिक बहसभन्दा नागरिकको जीवन रक्षा नै सबैभन्दा ठूलो दायित्व हुने सम्बन्धित निकायबीच साझा कार्ययोजना र समन्वय अपरिहार्य रहेको उल्लेख गरे।

संयोजक प्रचण्डले विगतका कोशी बाढी, जुरे पहिरो, २०७२ सालको भूकम्प तथा जाजरकोट भूकम्पजस्ता विपत्तिमा नेपाली समाज र राजनीतिक दलहरूले एकता देखाएको बताउँदैअहिले पनि त्यही भावना आवश्यक रहेको बताए।

त्यस्तै संयोजक प्रचण्डले सबैले विपत्तिमा कोही एक्लो नहोस्, उद्धार र राहतमा कुनै ढिलाइ नहोस् र राज्यको पहुँचबाट कुनै नागरिक बाहिर नपरोस् भनेर साझा संकल्प गर्नुपर्ने बताए।

'उद्धार र राहतपछि मात्रै पुनर्निर्माणको महाअभियान चलाउँछौँ'

टुडे समाचारदाता

काठमाण्डु। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बाढीप्रभावितको उद्धार र राहतको लागि तत्कालै आवश्यक पर्ने स्रोत र आवश्यतामा कमी नहुने गरी काम गरिरहेको बताएका छन्।

भोटेकोशी बाढीबाट भएको क्षति, खोजी तथा उद्धार, राहत र पुनःस्थापनाका विषयमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको आह्वान गरेको सर्वदलीय बैठकपछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै अर्थमन्त्री वाग्लेले बाढीप्रभावितको उद्धार, राहत कार्यमा कुनै पनि कमी हुन नदिने प्रतिबद्धता व्यक्त गरेका थिए।

'अहिले यो दुई-चार दिन हामी राहत र उद्धारमा नै खटिरहेका छौँ। अलपत्र पर्नुभएका धेरै नेपाली नागरिक एवं विदेशी पर्यटकहरू सबैको उद्धार चलिरहेको छ,' उनले भने, 'मौसमले साथ दिएसम्म उद्धारका गतिविधिहरू चलिरहेकै छन्।'

उनले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु दुई अर्ब ३४ करोड रहेको बताए।

उनले भने, 'अर्थ मन्त्रालयले गृह मन्त्रालयको लागि एक अर्ब १७ करोड विनियोजन गरिसकेको छ,' उनले थप्दै भने, 'हामीसँग अहिले तत्काललाई साधन, स्रोत र आर्थिक आवश्यकतामा कमी नहुने गरेर अगाडि बढ्नको लागि मन्त्रिपरिषद्को बैठकले मलाई जिम्मेवारी दिएको छ।'

उनले उद्धार र राहतपछि मात्रै दीर्घकालीन, मध्यकालीनरूपमा पुनर्निर्माणका कामहरू अघि बढाइने बताए। प्रभावित क्षेत्रमा पुनर्निर्माणको काम भने अत्यास लाग्दो रहेको बताउँदै उनले तथ्य र तथ्याङ्क आइसकेपछि २०७२ सालको भूकम्पमा जसरी नै पुनर्निर्माणको महाअभियान सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे।

अर्थमन्त्री वाग्लेले स्रोतसाधन र अन्तरराष्ट्रिय सहयोज जुटाउने काममा पनि सरकार लागिसकेको स्पष्ट पारे।

उनले भने, 'हामीले विश्व बैंकसँग कुरा गरेर करिब रु २५ अर्ब जतिको आर्थिक सहायता जुटाएका थियौँ,' उनले भने, 'चीन, भारत, जापान सरकारबाट, एसियाली विकास बैंकबाट, इन्टर नेसनल फेडरेसन अफ द रेडक्रस जेनेभाबाट तुरुन्तै सहयोगहरू आउने प्रतिबद्धता हामीले पाएपछि एउटा आत्मविश्वासका साथ हामी अगाडि बढेका छौँ।'

अर्थमन्त्री वाग्लेले बाढीको कारणले करिब २५ वटा पक्की पुल र ७०० मेगावाट क्षमताको जलविद्युत् आयोजनामा क्षति पुगेको बताए।

उनले सरकारले मात्रै नभएर सबै निकायसँग समन्वय गरेर अघि बढ्ने बताए। उनले भने, 'समाजका सबै पक्ष, दल, निकायहरू पुनः निर्माणको अभियानमा लाग्नुपर्ने आवश्यकता छ।'

डीआर कङ्गोमा इबोला नियन्त्रण चुनौतीपूर्ण

एएफपी । डेमोक्रेटिक रिपब्लिक अफ कङ्गो (डीआरसी) मा इबोला सङ्क्रमणको गति घटे पनि प्रकोप नियन्त्रणमा अझै उल्लेख्य सुधार नआएको विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले जनाएको छ । सोमबारसम्म पाँच हजार ६५६ जनामा सङ्क्रमण पुष्टि हुनुका साथै दुई हजार ७१५ जनाको मृत्यु भएको छ।

अफ्रिकाका लागि डब्लुएचओ क्षेत्रीय कार्यालयद्वारा बुधबार आयोजित अनलाइन पत्रकार सम्मेलनमा विशेषज्ञ मेरी रोजलाइन बेलिजायरले सङ्क्रमणको गति कम भए पनि प्रकोपको अवस्था अझै नियन्त्रणको चरणमा नपुगेको बताउनुभयो । उहाँका अनुसार छ प्रान्तका ५८ स्वास्थ्य क्षेत्रमा सङ्क्रमण फैलिएको छ भने एक हजार २४५ जना उपचारपछि निको भएका छन् । मृत्यु दर करिब ४८ प्रतिशत रहेको छ।

गत मेमा घोषणा गरिएको यो प्रकोप डीआरसीमा अहिलेसम्मकै सबैभन्दा ठूलो तथा घातक र पश्चिम अफ्रिकामा सन् २०१४-२०१६ को महामारीपछि विश्वकै दोस्रो ठूलो इबोला प्रकोप बनेको छ। भाइरस मेमा पुष्टि हुनुभन्दा केही महिनाअघि, सम्भवतः फेब्रसअरीदेखिनै फैलिएको सिक्वेन्सिङ तथ्याङ्कले देखाएको

बेलिजायरले बताउनुभयो । केही प्रमाणले भने सन् २०२५ को डिसेम्बरदेखि नै सङ्क्रमण फैलिएको हुन सक्ने देखाएको उहाँको भनाइ छ।

रोग पहिचानमा ढिलाइ, समुदायस्तरमा निरन्तर सङ्क्रमण, असुरक्षित शव व्यवस्थापन, सङ्क्रमण नियन्त्रणका कमजोरी, असुरक्षा तथा जनआवागमनले प्रकोप विस्तारमा योगदान पुऱ्याएको उहाँले बताउनुभयो । उपचार केन्द्रभन्दा समुदायमै हुने मृत्युको उच्च दरलाई डब्लुएचओले प्रमुख चिन्ताका रूपमा लिएको छ । घरमै मृत्यु हुँदा सङ्क्रमितलाई अलग गर्न र सम्पर्कमा आएका व्यक्तिको पहिचान गर्न कठिन हुने भएकाले सङ्क्रमणको नयाँ शृत्र ला सुरु हुन सक्ने उहाँले स्पष्ट पार्नुभयो ।

प्रकोप विस्तार भए पनि निगरानी र उपचार क्षमता बढाइएको छ । सम्पर्क अनुगमन दर करिब ४० प्रतिशतबाट बढेर ८५ प्रतिशत पुगेको छ भने २१ प्रयोगशालाले दैनिक करिब तीन हजार परीक्षण गर्न सक्ने क्षमता बनाएका छन्। ४९ उपचार केन्द्रमा एक हजार ३०० भन्दा बढी शय्या उपलब्ध छन् र करिब ८०० पुष्टि भएका बिरामी उपचाररत छन्। सेप्टेम्बरको मध्यसम्म क्षमता एक हजार ७०० शय्यामा पुऱ्याउने तयारी छ।

तर उपचारका चिकित्सकीय विकल्प सीमित रहेको डब्लुएचओले जनाएको छ। जाइर इबोलाभाइरस विरुद्ध प्रयोग हुने एरभेबो खोप बुन्डिबुग्यो भाइरसका लागि स्वीकृत नभएको र दुवैबीच क्रस-सुरक्षाको पुष्टि नभएको बेलिजायरले बताउनुभयो । डीआरसी सरकारको अनुरोधमा ७० हजार मात्रा एरभेबो खोप उपलब्ध गराउने स्वीकृति दिइएको छ । त्यसमध्ये २० हजार मात्रा बुन्डिबुग्यो भाइरसविरुद्ध तेस्रो चरणको परीक्षण र ५० हजार मात्रा अग्रपङ्क्तिमा खटिएका तथा स्वास्थ्यकर्मीका लागि प्रयोग गरिनेछ।

यसैबीच, छिमेकी युगान्डामा भने इबोला प्रकोप अन्त्य भएको छ। डब्लुएचओका अनुसार अन्तिम बिरामी अस्पतालबाट डिस्चार्ज भएको ४२ दिन पूरा भएपछि प्रकोप अन्त्य भएको मानिएको हो। युगान्डामा २० जनामा सङ्क्रमण पुष्टि भएकामा १५ जना डीआरसीबाट आएका थिए।

यद्यपि डीआरसीबाट सीमापार सङ्क्रमण फैलिने जोखिम कायम रहेको डब्लुएचओले जनाएको छ। बेलिजायरका अनुसार मध्य अफ्रिकी गणतन्त्र र दक्षिण सुडान उच्च जोखिममा छन् । उहाँले डीआरसीमा फैलिएको ठूलो र भौगोलिक रूपमा विस्तारित प्रकोप नियन्त्रणलाई तत्कालको मुख्य चुनौतीका रूपमा औँल्याउनुभयो ।

श्रीलंका र भारतसँगको दोस्रो टेस्टमा बराबरी

एजेन्सी । श्रीलंकाले भारतविरुद्धको दोस्रो टेस्ट बराबरीमा टुंग्याएको छ।

एसएससी मैदानमा भारतलाई जितका लागि दबाबमा राखे पनि श्रीलंकाले पाँचौं दिन दृढ ब्याटिङ गर्दै खेल जोगाएको छ।

दिनुषाले दोस्रो इनिङ्समा अविजित १ सय ३३ रन बनाएका थिए । योसँगै उनले पछिल्लो चार इनिङ्समा तेस्रो शतक पूरा गरेका छन् । आफ्नो पाँचौं टेस्ट खेलिरहेका दिनुषाले पहिलो इनिङ्समा पनि १ सय २३ रन बनाएका थिए।

भारतले पहिलो इनिङ्समा ९ विकेट गुमाएर ५ सय ३ रनमा इनिङ्स समाप्तिको घोषणा गरेको थियो। देवदत्त पडिक्कलले १ सय १७ तथा ध्रुव जुरेलले अविजित १ सय १५ रन बनाएका थिए। श्रीलंकाका लागि असिथा फर्नान्डोले ४ विकेट लिएका थिए।

सो जवाफमा श्रीलंका पहिलो इनिङ्समा २ सय ९० रनमा अलआउट भएको थियो। दिनुषाले १ सय ३ तथा पाथुम निस्संकाको स्थानमा आएका सूरियाबन्दराले ८० रन बनाए। भारतका प्रसिद्ध कृष्णा र मानव सुथारले समान ३ विकेट लिएको थियो।

फलोअनमा आएको श्रीलंकाले दोस्रो इनिङ्समा ९ विकेट गुमाएर ४ सय २९ रन बनाएपछि भारतलाई जितका लागि आवश्यक दबाब सिर्जना गर्न सकेन।

दिनुषाले १ सय ३३ रनमा अविजित रहँदा सूरियाबन्दराले ९२ रन बनाएका थिए। भारतका रविन्द्र जडेजा र मानव सुथारले समान ३ विकेट लिएका थिए।

दिनुषाले दोस्रो इनिङ्समा धैर्यपूर्ण ब्याटिङ गर्दै श्रीलंकाको इनिङ्स सम्हालेका थिए। उनलाई तल्लो क्रमका ब्याटरहरूले पनि महत्वपूर्ण साथ दिएका थिए।

केशरा नुवान्था र दिनुषाले सातौं विकेटका लागि २ सय ४६ बलमा १ सय १२ रनको साझेदारी गरेका थिए । नुवान्था ५५ रन बनाएर सुथारको बलमा गलीमा क्याच आउट भएका थिए।

त्यसपछि प्रभात जयसूर्याले ७१ बल सामना गर्दै दिनुषालाई साथ दिएका थिए । उनी जडेजाको बलमा क्याच आउट भएका थिए।

लाहिरु कुमारा भने निकै संयमित देखिएका थिए। उनले ९० बलमा १२ रन बनाएर दिनुषासँग ४७ रनको साझेदारी गरेका थिए। जडेजाले उनलाई क्याच गराएपछि पनि दिनुषाले श्रीलंकाको पारी सम्हालिरहेका थिए।

अन्ततः दिनुषा र असिथा फर्नान्डोले ५६ बल सामना गरेपछि दुवै टोलीले खेल बराबरीमा टुंग्याउने सहमति जनाए। त्यसबेला श्रीलंकाको अग्रता २ सय १६ रन पुगेको थियो।

पहिलो टेस्टमा १ सय ६५ रनले विजयी भएको भारतले दुई टेस्टको सिरिज १-० ले जितेको छ भने दोस्रो टेस्टमा बराबरी भएको छ।

इरान र कतारबीच हर्मुजबारे वार्ता

एएफपी । इरानका शीर्ष कूटनीतिज्ञ र कतारका अधिकारीबीच बिहीबार तेहरानमा रणनीतिक हर्मुज जलमार्गबारे वार्ता गरिएको छ । अमेरिकी नौसेनाको नाकाबन्दीले इरानमा तेल आपूर्ति कठिन बनाएको छ भने देशभित्रै इन्धन अभाव देखिएको छ।

कतारका विदेशमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल थानीको यो भ्रमण इरानमा एक हप्तादेखि चलेको कूटनीतिक गतिविधिपछि भएको हो ।

यस अवधिमा ओमानका शीर्ष कूटनीतिज्ञ र पाकिस्तानी उच्च अधिकारीहरूबीच छुट्टाछुट्टै बैठकहरू भएका थिए। यी बैठकहरू मध्यपूर्व युद्ध अन्त्य गर्न र हर्मुज पुनः खोल्ने उपाय खोज्न केन्द्रित थिए ।

वाशिङ्टनले इरानसँग व्यापार जारी राख्ने देश, बैङ्क र कम्पनीहरूमाथि व्यापक प्रतिबन्धको चेतावनी दिएको समय यो वार्ता भएको हो । यसलाई अमेरिकाले ' आर्थिक दबाव' अभियानको रूपमा

वर्णन गरेको छ।

इरानी राष्ट्रिय टेलिभिजनले कतारका प्रधानमन्त्रीसमेत रहेका अल थानीले इरानी विदेशमन्त्री अब्बास अराघचीसँग भेट गरेको जनाएको छ तर यसबारे थप विवरण दिएको छैन ।

कतारको विदेश मन्त्रालयले उनीहरूले तनाव न्यूनीकरणका प्रयासहरूका साथै इरान र ओमानबीचको हर्मुजसम्बन्धी प्रस्तावित ढाँचाबारे छलफल गरेको बताएको छ।

मन्त्रालयले अलथानीलाई उद्धृत गर्दै लेखेको छ, "छिमेकी राज्यहरूको सार्वभौमिकता र नौवहन स्वतन्त्रताको सम्मान आवश्यक छ भन्ने बुझेरसंवाद अगाडि बढाउनुपर्ने बताउनुभएको थियो ।"

मध्यस्थकर्ता पाकिस्तानसँगै कतारले अप्रिलको युद्धविराम र जुन महिनाको इरान-अमेरिका सम्झौता सुरक्षित गर्न महत्वपूर्ण भूमिका खेलेको थियो तर ती सम्झौताहरू अहिले ध्वस्त भइसकेका छन् ।

फेब्रुअरी २८ मा अमेरिकाविरुद्ध युद्ध सुरु भएदेखि इरानले हर्मुजमा कडा नियन्त्रण कायम राखेको छ । यो विश्वको महत्वपूर्ण ऊर्जा मार्ग हो भने वाशिङ्टनले इरानी बन्दरगाहहरूमाथि नौसेनाको नाकाबन्दीको घोषणा गरेको छ।

सेन्ट पिटर्सबर्गमा कार बम बिषफोट, रूसी सैनिकको मृत्यु

एएफपी । रूसको सेन्ट पिटर्सबर्गमा बिहीबार कार विस्फोटमा एक सैनिक अधिकारीको मृत्यु भएको रूसी अनुसन्धानकर्ताहरूले जनाएका छन् ।

मस्कोको आक्रमण सुरु भएको चार वर्षभन्दा बढी समयदेखि किएभले रूसी सैन्य अधिकारीहरूमाथिको आक्रमणलाई बढाएको छ।

रूसी अनुसन्धानकर्ताहरूले भनेका छन्, "शहरको दक्षिणी पुश्किन्स्की जिल्लामा कार विस्फोट हुँदा एक सैनिकको मृत्यु भएको छ भने घाइत एक सैनिकलाई अस्पताल भर्ना गरिएको छ।"

सेन्ट पिटर्सबर्गबाट प्रकाशन हुने समाचार च्यानल फोन्ताङ्काले एक रूसी सैनिकको मृत्यु भएको र उहाँकी पत्नी घाइते भएको रिपोर्ट गरेको छ।

फोन्ताङ्काका अनुसार उक्त पुरुष रूसी वायुसेना र वायु रक्षा बलमा सेवा गर्दै थिए।

फोन्ताङ्काले भनेको छ, "दम्पतिलाई उनीहरूको घरबाट निस्कँदा निशाना बनाइएको थियो।"

घटनाबारे युक्रेनबाट तत्काल कुनै प्रतिक्रिया आएको छैन।

किएभले युद्धका समय भएका केही हत्याहरूको जिम्मेवारी दाबी गरेको छ भने अन्यमा मौनसमेत रहने गरेको छ।

यी हत्याहरू कार बम, स्कुटरमा लुकाइएका विस्फोटक पदार्थ र गोलीकाण्डबाट गरिएका पाइन्छ। युद्धका क्रममा निशाना बनाइएका सबैभन्दा उच्च पदस्थ रूसी सैन्य अधिकारी लेफ्टिनेन्ट जनरल इगोर किरिलोभलाई सन् २०२४ डिसेम्बरमा मस्कोको आफ्नो अपार्टमेन्ट बाहिर हत्या गरिएको थियो। यी हत्याहरूले रूसी सेनाको मनोबल गिराउने गरेको छ।

नेपालसंग मलेसिया फेरि पराजित

टुडे समाचारदाता

काठमाण्डु । एसिसी प्रिमियर कपको तयारीमा क्रममा रहेको नेपाली राष्ट्रिय क्रिकेट टोली दोस्रो अभ्यास खेलमा घरेलु टोली मलेसियालाई २७ रनले हराएको छ।

१ सय ७१ रनको लक्ष्य पछ्याएको मलेसिया ४०.१ ओभरमा सबै विकेट गुमाएर १ सय ४३ रन मात्र बनाउन सक्यो । नेपालका लागि ललित राजवंशीले ३, सन्दीप लामिछाने , दीपेन्द्र सिंह ऐरी, रोहित पौडेलले समान २ र हेमन्त धामीले १ विकेट लिएका थिए।

मलेसियाका लागि अकिल वाहिद र नजमुज सकिबले अर्धशतक बनाएपनि टोलीलाई जित दिलाउन सकेनन् ।

टस जितेर फिल्डिङ रोजेको नेपालले ४१.१ ओभरमा सबै विकेट गुमाएर १ सय ७० रन बनायो ।

नेपालले सुरुवातमा दबाबको सामना गरेको थियो । ३८ रन जोड्दा ५ विकेट गुमाएको

नेपालको ब्याटिङलाई रोहित पौडेल र गुल्शन झाले सम्हाल्दै छैटौं विकेटका लागि ५९ रनको साझेदारी गरेको थियो ।

गुल्शन र करण केसी आउट भएपछि रोहित र कप्तान सन्दीप लामिछानेले ब्याटिङ सम्हालेका थिए। रोहितले अर्धशतक बनाए। ८६ बल खेलेका रोहित समान ३ छक्का र चौकासहित ६१ रन जोडेका थिए ।

रोहित र सन्दीपलले आठौं विकेटका लागि ४७ रनको साझेदारी गरे। सन्दीपले १३ रन बनाएका थिए। गुल्शनले ४५ रन बटुले। ६० बल खेलेका उनले ४ चौका र ३छक्का प्रहार गरेका थिए।

ओपनरद्वय आरिफ शेख र अर्जुन कुमालले समान १० रन बनाए भने अन्य खेलाडीले दोहोरो अंकको रन बनाउन सकेनन् ।

मलेसियाका अकिल वाहिदले ४, सैयद अजिज सैयद मुबारकले ३, रिजवान हैदर २ र मुहम्मद अमिर अजिम अब्द शुकोरले १ विकेट लिएका थिए। पहिलो अभ्यास खेल नेपालले भने जितेको थियो ।

अमेरिकी नाकाबन्दीले इरानमा पेट्रोल अभाव

एएफपी। अमेरिकी नौसेनाले लगाएको नाकाबन्दीका कारण घरेलु उत्पादनले नपुगेको पेट्रोल आयात गर्न नसकिएको इरानी अधिकारीले बताएका छन् । इन्धन आपूर्ति प्रभावित भएपछि पछिल्ला दिनमा इरानका पेट्रोल पम्पबाहिर लामो लाइन लाग्न थालेको जनाइएको छ।

उपराष्ट्रपति मोहम्मद जाफर घेम्पानाहले पेट्रोल उत्पादन देशको आवश्यकताअनुसार पर्याप्त नभएको र अमेरिकी नौसैनिक नाकाबन्दीका कारण आवश्यक परिमाणमा पेट्रोल आयात गर्न नसकिएको बताउनुभएको सरकारी इरना समाचार एजेन्सीले जनाएको छ।

अमेरिकासँगको युद्धका कारण इरानमाथि आर्थिक दबाब बढिरहेका बेला इन्धन अभावको समस्या देखिएको हो । सोमबार राष्ट्रपतिको कार्यालयका प्रमुख मोहसेन हाजी-मिर्जाईले पेट्रोल वितरणसम्बन्धी कोटाको पुनरवलोकन गरिने बताउनुभएको थियो।

फेब्रुअरी २८ मा इरान र अमेरिकाबीच युद्ध सुरु भएपछि तेहरानले रणनीतिक स्ट्रेट अफ हर्मुजमा नियन्त्रण कायम गरेको र त्यसको प्रतिक्रियास्वरूप वासिङ्टनले इरानी बन्दरगाहमा नौसैनिक नाकाबन्दी लगाएको समाचारमा उल्लेख छ।

घेम्पानाहले इरानमा पेट्रोल वितरणको विद्यमान प्रणाली असमान रहेको बताउँदै अत्यधिक अनुदान प्राप्त इन्धनबाट धेरै सवारीसाधन भएका व्यक्तिले बढी लाभ लिइरहेको टिप्पणी गर्नुभएको छ । उहाँका अनुसार सवारीसाधनको सत्या बढी हुनेलाई अनुदानको लाभ बढी पुग्ने भएकाले वर्तमान वितरण प्रणालीमा सुधार आवश्यक छ।

विश्वकै प्रमुख तेल उत्पादक मुलुकमध्ये एक इरानमा पेट्रोलको मूल्य राजनीतिक रूपमा संवेदनशील विषय मानिन्छ । सरकारले लामो समयदेखि इन्धनलाई ठूलो परिमाणमा अनुदान दिँदै आएको छ । अनुदानका कारण इरानमा पेट्रोलको मूल्य विश्वकै सस्तोमध्ये रहेको छ।

शान्ति अभियान बदलिँदो विश्वअनुकूल बनाउन गुटेरेसको आग्रह

एएफपी । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले बदलिँदो विश्व सुरक्षा परिस्थितिअनुसार संयुक्त राष्ट्रसंघीय शान्ति अभियानलाई थप प्रभावकारी, चुस्त र राजनीतिक समाधानमुखी बनाउनुपर्ने बताउनुभएको छ । उहाँले बढ्दो द्वन्द्व, परिवर्तनशील भूराजनीति र अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबीच शान्ति अभियानलाई नयाँ वास्तविकताअनुकूल बनाउन आग्रह गर्नुभएको हो।

संयुक्त राष्ट्र महासभाको अनौपचारिक पूर्ण बैठकलाई मङ्गलबार सम्बोधन गर्दै उहाँले विगत आठ दशकमा द्वन्द्वको स्वरूप र सामूहिक सहकार्यको सम्भावना परिवर्तन भएकाले शान्ति अभियानसम्बन्धी दृष्टिकोण पनि विकसित भएको बताउनुभयो । अब विश्वमा देखिएका नयाँ चुनौतीअनुसार अभियानलाई पुनः अनुकूलन गर्नुपर्ने उहाँको भनाइ थियो ।

गुटेरेसका अनुसार विश्वको भूराजनीतिक अवस्था परिवर्तन भइरहेको, शक्ति विभिन्न क्षेत्रमा फैलिँदै गएको र प्रभावका नयाँ केन्द्र तथा प्रतिस्पर्धाका नयाँ रेखा निर्माण भइरहेका छन् । अन्तरराज्यीय द्वन्द्व पुनः बढ्नुका साथै आन्तरिक द्वन्द्वसमेत अन्तर र्राष्ट्रियकरण हुँदै गएर लामो र

समाधान गर्न कठिन बन्दै गएको उहाँले बताउनुभयो ।

बारम्बार दोहोरिने द्वन्द्व, युद्धको बदलिँदो स्वरूप र व्यापक शान्ति सम्झौताको सम्भावना घट्दै गएको उल्लेख गर्दै उहाँले संयुक्त राष्ट्रसङ्घले शान्ति अभियानको प्रयोग र अवधारणामै पुनर्विचार गर्नुपर्ने बताउनुभयो ।

उहाँले निवारक कूटनीति, शान्ति स्थापना र विवादको शान्तिपूर्ण समाधानलाई प्राथमिकता दिनुपर्ने बताउँदै शान्ति अभियानलाई थप चुस्त र लागत प्रभावकारी बनाउन, जवाफदेहिता बलियो पार्न तथा आधुनिक प्रविधिको प्रयोग बढाउन आग्रह गर्नुभयो । साथै, विश्वव्यापी र क्षेत्रीय संस्थाबीचको सहकार्य थप सुदृढ गर्नुपर्ने उहाँको भनाइ थियो ।

महासचिव गुटेरेसले शान्ति अभियान मूलतः राजनीतिक उपकरण भएको स्पष्ट पार्दै यसको सफलता उपयुक्त कार्यादेश, द्वन्द्वरत पक्षको इच्छाशक्ति तथा सुरक्षा परिषद्, सदस्य राष्ट्र, सम्बन्धित देश र अन्तर्राष्ट्रिय साझेदारको सहयोगमा निर्भर रहने बताउनुभयो।

उहाँले बदलिँदो विश्वअनुसार संयुक्त राष्ट्रसङ्घले आफूलाई अनुकूल बनाउँदै शान्तिको बाटो निर्माण गर्न आवश्यक राजनीतिक इच्छाशक्ति र स्रोत जुटाउन सबै पक्ष मिलेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

हैदरावादसँग नेपाल 'ए' पराजित

काठमाण्डु। अष्ट्रेलियामा जारी टप एन्ड टी-२० सिरिजअन्तर्गत आज भएको खेलमा नेपाल 'ए' हैदराबाद किङ्समेन एकेडेमीसँग ३१ रनले पराजित भएको छ।

जितका लागि पछ्याएको १९८ रनको लक्ष्य नेपाल 'ए'ले

१९.२ ओभरमा सबै विकेट गुमाउँदै १६६ रन मात्र बनाउन सक्यो । नेपालको सुरुआत निराशाजनक रह्यो। मयन यादव एक रन नबनाइकन आउट भए। त्यसपछि पनि नेपालले नियमित विकेट गुमाउँदै गयो।

नेपालका लागि कुशल भुर्तेलले सर्वाधिक ६६ रन बनाए। उनले ४६ बल खेल्ने क्रममा ६ चौका र ४ छक्का प्रहार गरे । त्यस्तै लोकेश बमले २३ बलमा ३८ रन बनाए भने राशिद खानले ११, नारायण जोशीले १२ तथा बिपिन खत्रीले १० रन बनाए।

बलिङतर्फ हैदराबादका लागि स्कट कुगेलेइन र उसामा मिरले तीन तीन विकेट लिए भने अलि शेखले दुई विकेट हात पारे । त्यसअघि डर्विनस्थित गार्डेन्स ओभलमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको हैदराबाद किङ्समेन एकेडेमीले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर १९७ रन बनायो।

हैदराबादका लागि शेहान जयसूर्याले ४४ बलमा चार चौका र पाँच छक्कासहित ६७ रनको योगदान दिए। यस्तै हम्माद आजमले ११ बलमा दुई चौका र दुई छक्कासहित अविजित २६ रन बनाए। मिलिन्द कुमारले २५, शायान जहाँगीरले २७, तय्याब आरिफले २३ तथा अली शेखले २२ रनको योगदान दिए।

बलिङतर्फ नेपालका नारायण जोशीले दुई तथा राशिद खान, पवन सर्राफ र कुशल भुर्तेलले एक एक विकेट लिए । यससँगै पाँच खेल खेलको नेपालले दुई खेलमा जित तथा तीन खेलमा हार बेहोरेको छ। बुधबार भएको खेलमा नेपाल 'ए'ले अस्ट्रेलियन क्यापिटल टेरिटोरी (एसिटी)लाई ४ विकेटले पराजित गरेको थियो भने सोमबार भएको खेलमा नेपाल 'ए'ले होबार्ट हरिकेन्स एकेडेमीलाई ३९ रनले पराजित गरेको थियो।

त्यसअघि नेपाल 'ए' पहिलो खेलमा एनटी स्ट्राइकसँग ८ विकेट तथा बङ्गलादेशको 'ए' टोलीसँग ९ विकेटले पराजित भएको थियो। रासस

मुस्ताङमा स्याउ टिप्न कार्यतालिका

मुस्ताङ । हिमाली जिल्ला मुस्ताङमा स्याउ टिप्ने कार्यतालिका सार्वजनिक गरिएको छ। छिटो पाक्ने स्याउ यही भदौ १५ गतेदेखि टिप्नुपर्नेछ। यस्तै ढिलो पाक्ने स्याउ भने भदौ २२ गतेपछि मात्रै टिप्न सकिनेछ।

उक्त कार्यतालिका कार्यान्वयनमा लैजान सबै स्थानीय तह, कृषक र व्यापारीलाई अनुरोध गरिएको कृषि तथा पशु सेवा विकास कार्यालय मुस्ताङका प्रमुख डा लालमणि अर्यालले जानकारी दिनुभयो। मुस्ताङका किसानले स्थानीय र हाइब्रिड स्याउ खेती गर्दै आएका छन्। स्याउको 'सिजन' सुरु भएसँगै व्यापारी मुस्ताङ आउन थालेका छन्।

अग्रिम रुपमा पैसा बुझाएका व्यापारीले स्याउ टिप्न हतार गरेपछि जिल्ला समन्वय समितिले छलफल गरेर कार्यतालिका तय गरेको हो। घरपझोङ–५ ठिनीका वडाध्यक्ष प्रदीप थकालीका अनुसार मुस्ताङको स्याउको पहिचान राख्न सबैको साथ र सहयोग जरुरी छ।

कतिपय कृषक र व्यापारीले मुनाफाका लागि हतार हतार बजार पुर्याउँदा मुस्ताङको स्याउको गुणस्तरप्रति उपभोक्ताले गुनासो गर्ने गरेका थिए। गुनासो आउन नदिन छलफलका आधारमा कार्यतालिका निर्धारण गरिएको जिल्ला समन्वय समिति मुस्ताङका प्रमुख माया गुरुङले जानकारी दिनुभयो।

कृषि तथा पशु सेवा विकास कार्यालयका अनुसार गत बर्ष मुस्ताङमा रु एक अर्ब बराबरको स्याउ उत्पादन भएको थियो। रासस

हर्नामाडीको गुम्बाडाँडा बन्यो मूर्तिकलाको खुला संग्रहालय

बागमती । हेटौँडा उपमहानगरपालिका-१८ हर्नामाडीस्थित गुम्बाडाँडामा पुग्दा बन र खुला चौरबीच विशाल ढुङ्गाका अनेक आकृति देखिन्छन् । मकवानपुरको राप्ती र सुकौरा खोलाका ढुङ्गामा सात देशका २३ मूर्तिकारले कुँदेका मूर्तिले कतै मातृत्वको अनुभूति दर्शाएका छन् छ कतै सपना र आशा। त्यस्तै कुनै मूर्तिले प्रकृति र मानव जीवनको सम्बन्ध बोलेका छन् भने कुनैले बदलिँदो मानव सभ्यताको कथा भनिरहेका छन्। ती कलाकृति कुनै बन्द भवनका भित्ताभित्र सजाइएका होइनन्, खुला आकाशमुनि रुख, घाँस र डाँडाको प्राकृतिक परिवेशसँगै उभिएका छन्, जसले यो स्थान मूर्तिकलाको खुल्ला संग्रहालयजस्तै बनेको छ।

सात देशका २३ मूर्तिकारका श्रम र सीप पोखिएका प्रस्तर मूर्तिले गुम्बाडाँडालाई सामान्य उद्यानभन्दा फरक पहिचान दिएका छन् । आज खुला मूर्तिकला सङ्ग्रहालयका रूपमा चिनिन थालेको यो ठाउँको कथा भने चार-पाँचवटा ठूला ढुङ्गामा मूर्ति बनाउने सामान्य प्रस्तावबाट सुरु भएको थियो । मूर्तिकार तथा गुम्बाडाँडा मूर्तिकला क्षेत्रका सल्लाहकार लक्ष्मण भुजेललाई स्थानीयस्तरमा सम्मान गर्न यही डाँडामा लगिएको थियो। खुला चौर र वरपरको प्राकृतिक वातावरण देखेपछि उहाँले स्थानीयसँग केही ठूला ढुङ्गा जुटाउनसके साथीहरू बोलाएर चार-पाँचवटा विशाल मूर्ति बनाएर पार्कमा राख्न सकिने प्रस्ताव गर्नुभयो । "सुरुआतको कुरा त्यही थियो, पछि छलफल बढ्दै जाँदा अन्तर्राष्ट्रिय रूपमा मूर्तिकला कार्यशाला आयोजना गरेर इतिहास रच्ने तहसम्म पुग्यौँ", उहाँले सम्झनुभयो।

स्थानीय समुदाय, विभिन्न सङ्घसंस्था र सरकारी निकाय जोडिँदै गए। नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान र कलाकारको सहभागितापछि योजनाले अन्तर्राष्ट्रिय स्वरूप पायो। विसं २०६९ मा प्रथम अन्तर्राष्ट्रिय मूर्तिकला कार्यशाला सञ्चालन भयो । कार्यशालामा नेपालका १८ र विदेशका पाँच गरी २३ मूर्तिकार सहभागी भए । कलाकारलाई एउटै विषयमा बाँधिएको थिएन । आफ्नो अनुभव, संस्कृति, शैली र अवधारणाअनुसार ढुङ्गालाई आकार दिने स्वतन्त्रता थियो। भुजेलका अनुसार विषय खुला राख्दा सिर्जनामा विविधता आयो। कसैले अमूर्त शैली रोजे, कसैले यथार्थपरक आकृति बनाए भने कसैले प्रतीकमार्फत विचार व्यक्त गरे।

मूर्तिका लागि विशाल ढुङ्गा जुटाउनु आफैँमा चुनौती थियो । आयोजक टोली मुटनी खोला, राप्ती क्षेत्रलगायत ठाउँसम्म ढुङ्गा खोज्दै पुगेको जानकारी दिदै भुजेलले ठूला प्राकृतिक ढुङ्गा राप्तीबाट ल्याइयो भने शिवम् सिमेन्टले उपलब्ध गराएका काटिएका ११ वटा ढुङ्गाका ब्लक पनि प्रयोग गरिए। त्यस समयमा कार्यशालाका दिन पनि सहज नहरेको बताउँदै भुजेलले पर्याप्त विद्युत् नहुँदा जेनेरेटर चलाएर रातिसम्म काम गर्नुपरेको स्मरण गर्नुभयो।

विदेशी कलाकारको बसोबास र खानपानको व्यवस्थापनदेखि आर्थिक स्रोत, उपकरण र विद्युत् जुटाउन चुनौती भए पनि स्थानीय समुदायको उत्साहले कार्यक्रम पूरा गर्न बल दिएको उहाँको अनुभव छ। विदेशी कलाकारले नेपाली कलाकारसँगै यहाँ काम गरे। उनीहरूका सिर्जनासँगै नेपाली कलाकारका 'जीवनचक्र', 'स्वप्न', 'उत्सुकता', 'शान्तिभूमि नेपाल', 'समुद्र मन्थन' र 'सुनौलो भविष्यको आशा'लगायत कृति यहाँ छन् । इटालीका मूर्तिकार बेटिनो फ्रान्सिनीको 'विश्वकै पहिलो आमा' पनि यहाँका आकर्षक कृतिमध्ये एक हो। प्राकृतिक ढुङ्गाको मूल स्वरूप धेरै नबिगारी मानव आकृति दिइएको उक्त सिर्जनामा नेपाली महिलाले लगाउने नाकको गहनासमेत झल्किन्छ।

मूर्तिकार तथा ललितकला क्याम्पसका प्राध्यापक ओम खत्री गुम्बाडाँडाको मुख्य विशेषता प्रकृति र कलाको सङ्गमलाई मान्नुहुन्छ। परम्परागत रूपमा मन्दिर, भवन वा निश्चित संरचनासँग जोडिएको मूर्तिकलालाई प्राकृतिक वातावरणमै सार्वजनिक रूपमा हेर्न सकिने अभ्यासले नयाँ सम्भावना खोलेको उहाँको भनाइ छ। "प्रकृतिको आफ्नै रचना हुन्छ, अर्को मानवले सिर्जना गरेको कलाकृति हुन्छ, यहाँ यी दुईको सङ्गम भएको छ", उहाँले भन्नुभयो।

खत्रीका अनुसार यो प्रतियोगिता नभई कलाकारबीच विचार र अनुभव आदानप्रदान गर्ने 'सिम्पोजियम' थियो। विभिन्न देशमा कस्तो कला अभ्यास भइरहेको छ, कलाकारले ढुङ्गामा कसरी काम गर्छन् र कस्ता औजार प्रयोग गर्छन् भन्ने प्रत्यक्ष हेर्ने अवसर स्थानीय बासिन्दा, विद्यार्थी र कलाप्रेमीले पाए । उहाँ यसलाई व्यक्तिगत सिर्जनालाई समाज, प्रकृति र सार्वजनिक स्थानसँग जोड्ने महत्त्वपूर्ण अभ्यासका रूपमा लिनुहुन्छ।

एक दशकभन्दा लामो समयपछि गुम्बाडाँडाको चुनौती नयाँ मूर्ति थप्नुभन्दा भएका कृतिको कथा जोगाउनु बनेको छ। अधिकांश मूर्तिसँग कृतिको शीर्षक र कलाकारको नाम रहे पनि सिर्जनाको विस्तृत अवधारणा दर्शकले त्यहीँ बुझ्ने व्यवस्था छैन। आधुनिक वा अमूर्त कलासँग परिचित नभएका दर्शकका लागि नामले मात्रै मूर्तिको अर्थ खोल्दैन। उनीहरू फोटो खिचेर फर्कन सक्छन्, तर कलाकारले ढुङ्गामार्फत भन्न खोजेको कथा त्यहीँ छुट्न सक्छ।

खत्री प्रत्येक मूर्तिसँग कलाकार, देश, कृतिको नाम, आकार, माध्यम, सिर्जनाको अवधारणा र निर्माण समयसहित व्यवस्थित विवरण हुनुपर्ने बताउनुहुन्छ । त्यसका लागि 'क्युआर कोड' प्रभावकारी विकल्प हुनसक्ने उहाँको सुझाव छ। मोबाइलबाट कोड स्क्यान गरेपछि कलाकारको परिचय, कृतिको अर्थ, निर्माण प्रक्रिया, पुराना तस्बिर र श्रव्यदृश्य सामग्रीसम्म हेर्न मिल्ने व्यवस्था भए गुम्बाडाँडा घुम्ने ठाउँबाट कला बुझ्ने खुला पाठशालामा बदलिन सक्छ।

भुजेल पनि विस्तृत अभिलेखीकरणलाई अबको मुख्य आवश्यकता मान्नुहुन्छ । कार्यशालाका तस्बिर र श्रव्यदृश्य सामग्री सुरक्षित रहेको तथा पछि वृत्तचित्रसमेत तयार गरिएको उहाँले बताउनुभयो । विस्तृत 'क्याटलग' प्रकाशनको काम भने पूरा हुन सकेको छैन। भविष्यमा पुस्तक प्रकाशन गर्ने, पुराना दृश्य सामग्री प्रदर्शन गर्ने र सङ्ग्रहालयको स्वरूपमा विकास गर्ने परिकल्पना रहेको उहाँको भनाइ छ।

खुला आकाशमुनि रहेका मूर्तिमा घामपानीले कति असर गर्छ भन्ने प्रश्न पनि छ। भुजेलका अनुसार प्रयोग गरिएका ढुङ्गा बाहिरी वातावरणमै रहने प्रकृतिका भएकाले मौसमले तत्काल ठूलो क्षति पुऱ्याउने सम्भावना कम छ। तर नियमित सरसफाइ, लेउ हटाउने, मानवीय क्षतिबाट जोगाउने र अवस्थाको निगरानी आवश्यक हुन्छ। खत्री पनि समयसमयमा निरीक्षण गरी फोहर, लेउ वा चोटपटक देखिए उचित संरक्षण गर्नुपर्ने बताउनुहुन्छ।

हर्नामाडी कला प्रतिष्ठानका अध्यक्ष हर्क राम्तेलका अनुसार मूर्तिकला क्षेत्र करिब पाँच दशमलव ६७ हेक्टरमा फैलिएको छ। व्यवस्थित तथ्याङ्क नराखिए पनि वार्षिक करिब १५ देखि २० हजार आन्तरिक पर्यटक आउने उहाँको अनुमान छ । ठूलो क्षेत्र भएकाले छरिएको लगानीले अपेक्षित स्वरूप दिन नसकेको उहाँ बताउनुहुन्छ। व्यवस्थित बगैंचा, बालबालिकाका लागि खेल्ने ठाउँ, ग्यालरी र अन्य आधारभूत संरचना थपिए पर्यटकलाई लामो समय अड्याउन सकिने उहाँको भनाइ छ।

हेटौँडा-१८ का वडाध्यक्ष अनिलकुमार बानियाँ पनि बिदाका दिन यहाँ पर्यटकको चहलपहल उल्लेख्य हुने बताउनुहुन्छ । उहाँका अनुसार सामान्य दिनमा करिब ५० देखि ६० जना आउने गरेका छन् भने शुक्रबार र शनिबार चहलपहल बढ्छ। स्थानीयले सञ्चालन गरेका पसल र व्यवसायमार्फत करिब १५ देखि २० परिवार आयआर्जनमा जोडिएको उहाँको भनाइ छ । वडाले गुम्बा डाँडालाई आसपासका पर्यटकीय क्षेत्रसँग जोडेर आगन्तुकलाई दुईदेखि चार घण्टासम्म अड्याउने वातावरण बनाउने योजना अघि सारेको छ । बानियाँका अनुसार तयार विस्तृत परियोजना प्रतिवेदनमा सूचना केन्द्र, विद्यमान मूर्तिको संरक्षण, थप कलाकृति, बाल उद्यान, चित्रकला प्रदर्शनीस्थललगायत संरचना समेटिएका छन् । करिब रु २३ करोड लागत अनुमान गरिएको उक्त योजनाले मूर्तिकला क्षेत्रलाई व्यवस्थित पर्यटकीय गन्तव्य बनाउने लक्ष्य राखेको उहाँ बताउनुहुन्छ।

गुम्बा डाँडाको सम्भावना पर्यटनमा मात्र सीमित छैन। भुजेल यसलाई कला विद्यार्थी र अनुसन्धानकर्ताका लागि स्रोत केन्द्र बनाउन सकिने देख्नुहुन्छ । केही विद्यार्थीले यहाँका कृतिमाथि शोध गर्न चासो देखाइसकेको उहाँ बताउनुहुन्छ। भविष्यमा कलाकार आएर बस्न, सिर्जना गर्न र विभिन्न विधाका स्रष्टाले नियमित गतिविधि गर्न सक्ने 'लाइभ आर्ट हब' बनाउने उहाँको परिकल्पना छ । ठूलो अन्तर्राष्ट्रिय कार्यशाला सधैँ सम्भव नभए पनि नियमित रूपमा कलाकारलाई सिर्जनाका लागि आमन्त्रण गर्न सकिने उहाँको धारणा छ।

यसका लागि नयाँ संरचना मात्र पर्याप्त हुँदैन । कार्यशालाको इतिहास, कलाकारका प्रारम्भिक स्केच, निर्माणका तस्बिर, भिडियो, कृतिको व्याख्या र त्यसबेलाका सहभागीको अनुभवलाई एउटै डिजिटल अभिलेखमा जोड्न आवश्यक छ। त्यसो भए राष्ट्रिय तथा अन्तरराष्ट्रिय अनुसन्धानकर्ताले समेत गुम्बा डाँडालाई अध्ययनस्थलका रूपमा प्रयोग गर्न सक्छन्। मूर्ति जोगिएर पनि त्यसको अर्थ र इतिहास हरायो भने कला सम्पदाको एउटा महत्त् वपूर्ण हिस्सा हराउँछ।

हेटौँडा बजारबाट पूर्वतर्फ रहेको गुम्बा डाँडाले एउटा स्थानीय सोच कसरी अन्तरराष्ट्रिय कला अभ्यासमा बदलिन सक्छ भन्ने उदाहरण दिएको छ। चार-पाँच मूर्ति बनाउने प्रस्तावबाट सुरु भएको यात्राले २३ कलाकारलाई एउटै डाँडामा ल्यायो। उनीहरूले फरक भाषा बोले, फरक समाजबाट आए र फरक शैलीमा काम गरे, तर संवादको माध्यम एउटै थियो-ढुङ्गा । आज ती कलाकार कार्यस्थलमा छैनन्, छिनो र हथौडाको आवाज पनि सुनिँदैन। उनीहरूले छाडेका आकृति भने वन र खुला आकाशबीच उभिइरहेका छन् । कुनैमा मातृत्व छ, कुनैमा सपना, कुनैमा प्रकृति र कुनैमा मानव सभ्यताको प्रश्न। अब तिनलाई जोगाउनु भनेको ढुङ्गा मात्रै जोगाउनु होइन, कलाकारको विचार, समयको स्मृति र हर्नामाडीले बनाएको एउटा कला इतिहास जोगाउनु हो।

गुम्बा डाँडाको परिचय कुनै एउटा आकर्षक मूर्तिमा सीमित छैन। यो फरक देश, संस्कृति र पुस्ताका कलाकारले एउटै भूगोलमा छाडेका सिर्जनाको साझा थलो हो । प्रत्येक मूर्तिको कथा दर्शकसम्म पुऱ्याउन सकियो, अभिलेख व्यवस्थित भयो र संरक्षणले निरन्तरता पायो भने गुम्बा डाँडा केवल घुम्ने गन्तव्य रहने छैन। यो प्रकृति र सिर्जनाबीच संवाद हुने, विद्यार्थीले कला पढ्ने, अनुसन्धानकर्ताले इतिहास खोज्ने र सर्वसाधारणले ढुङ्गाभित्रका कथा बुझ्ने खुला सङ्ग्रहालय बन्न सक्छ।

मूर्तिकलाका क्षेत्रमा नेपालले अरनिकोको समयदेखि नै अन्तरराष्ट्रिय रुपमा चासो र चर्चा कमाएको नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका परिषद् सदस्य एवं मूर्तिकला विभागका प्रमुख कुभिर देवान (केडी) बताउनुहुन्छ।

नेपालमा हाल करिब पाँच सयको सत्ऱ्यामा मूर्तिकारहरू क्रियाशील रहेको बताउँदै उहाँले पछिल्ला समयमा मूर्तिकारिताको व्यावसायिक विकास बढ्दै गएको अनुभव सुनाउनुभयो । विभिन्न मूर्तिकारले सिर्जना गरिएका मूर्तिसहितका सङ्ग्रहालय देशका करिब १० ठाउँमा रहेको बताउँदै उहाँले यिनीहरूको संरक्षण गर्दै पर्यटकीय रुपमा उपयोग हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । रासस

बडीमालिका मुख्य पूजासहित मेला



बाजुरा । धार्मिक तथा पर्यटकीय क्षेत्र बाजुरास्थित बडीमालिका भगवती मन्दिरमा आज मुख्य पूजा तथा मेला सुरु भएको छ। यहाँ हरेक वर्ष जनैपूर्णिमाको अघिल्लो दिन अर्थात् साउन शुक्ल चतुर्दशीका दिन मेला लाग्ने परम्परा छ।

बडीमालिकामा मुख्य मेला बिहीबार भए पनि दर्शनार्थीहरुको चापलाई मध्यनजर गर्दै भदौ १ गतेदेखि पूजा प्रारम्भ गरिएको बडीमालिका मन्दिरका पुजारी नेत्र पाध्यायले जानकारी दिनुभयो।

जनैपूर्णिमाका अवसरमा बडीमालिकासँगै बूढीनन्दा, बडालेखसहित दर्जन बढी धार्मिक शक्तिपीठमा पूजा लाग्ने गरेको छ । साउन शुक्ल चतुर्दशीका दिन बडीमालिका माताको पूजा गरेर सोही दिन तल झर्ने र जनैपूर्णिमाको दिन त्रिवेणी नगरपालिका-७ स्थित नाटेश्वरी मन्दिरमा पूजाआजा गर्ने परम्परा रहेको पुजारी पाध्यायले बताउनुभयो।

चार हजार दुई उचाइमा अवस्थित बडीमालिकामा मेला भर्न हरेक वर्ष देशका विभिन्न जिल्लाका साथै छिमेकी मुलुक भारतबाट यहाँ दर्शनार्थी आउने गरेका छन्। बाजुरा, डोटी, कालीकोट र जुम्लाबाट पूजा सामग्रीसहित सरकारी टोली त्यहाँ जाने परम्पराबमोजिम सबै सरकारी टोली पुगिसकेको र हाल दर्शनार्थीहरुले पूजा गरिरहेको बडीमालिका नगरपालिकाका नगर प्रमुख अमरबहादुर खड्काले बताउनुभयो।

"विगतका वर्षभन्दा यसपटक दर्शनार्थीको सत्ऱ्या बढ्ने अनुमान छ", उहाँले भन्नुभयो, "गत वर्ष नेपाली सेनाले प्यागोडा शैलीमा बडीमालिको नयाँ मन्दिर निर्माण गरेपछि यसको आकर्षण थप बढेकाले पनि दर्शनार्थीको सत्ऱ्या बढ्न थालेको छ।"

बडीमालिका माताको दर्शनका लागि ठूलो सत्ऱ्यामा दर्शनार्थी पुग्ने गरेकाले भदौ १ बाटै पूजा प्रारम्भ भएको र सुरक्षा व्यवस्थापन मजबुत बनाएकाले त्यहाँ भिरालो भूगोलका कारण केही अप्ठ्यारो र लेक लाग्ने समस्याबाहेक अन्य कुनै समस्या नहुने प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले बताउनुभयो।

बडीमालिकामा बर्सेनि हजारौँको सत्ऱ्यामा पर्यटक तथा दर्शनार्थीहरु पुग्ने गरेका छन्। सञ्चार सेवा नहुँदा तीर्थयात्री तथा सुरक्षाकर्मीले मोबाइल सम्पर्क र इन्टरनेट प्रयोगमा समस्या भोग्दै आएका थिए। तर यस वर्ष मेलाअगावै सञ्चार सम्पर्क सहज बनाउन नेपाल टेलिकमको फोरजी टावरसमेत सञ्चालनमा ल्याइएको छ । फोरजी सेवा सञ्चालनमा आएपछि त्यहाँ पुग्ने भक्तजनलाई परिवारसँग सम्पर्क, सूचना आदानप्रदान र इन्टरनेट प्रयोग एवं उद्धार तथा सुरक्षा निकायसँग सम्पर्क गर्नसमेत सहयोग पुगेको प्रमुख जिल्ला अधिकारी निरौलाले बताउनुभयो।

> "विगतका वर्षभन्दा यसपटक दर्शनार्थीको संख्या बढ्ने अनुमान छ", उहाँले भन्नुभयो, "गत वर्ष नेपाली सेनाले प्यागोडा शैलीमा बडीमालिको नयाँ मन्दिर निर्माण गरेपछि यसको आकर्षण थप बढेकाले पनि दर्शनार्थीको संख्या बढ्न थालेको छ ।"

टेलिफोन तथा इन्टरनेट सेवा विस्तार

यसअघि सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले नेपाल टेलिकमलाई तत्काल बडीमालिका क्षेत्रमा टेलिफोन तथा इन्टरनेट सेवा विस्तारका लागि आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन दिनुभएको थियो।

प्रधानमन्त्री वालेन्द्र शाहले यसअघि धनगढीमा चुनावी अभियानका क्रममा बडीमालिकालाई 'नेपालको स्वीट्जरल्यान्ड' भनेर उल्लेख गरेपछि पनि यो क्षेत्र थप चर्चामा आएको स्थानीयको भनाइ छ।

समुद्री सतहबाट चार हजार २०० मिटर उचाइमा अवस्थित भू-स्वर्ग बडीमालिका प्राकृतिक सुन्दरताले भरिपूर्ण मात्रै नभई धार्मिक आस्थाको पनि अद्भूत सङ्गम हो । यहाँको दर्शनले मनोकाङ्क्षा पूरा हुने, रोग निको हुने, पुत्र प्राप्ति हुनेलगायत धार्मिक विश्वास प्रचलित छन्।

मनमोहक त्रिवेणी क्षेत्र, २२ पाटन, ती फाँटमाथि फुलेका रङ्गीचङ्गी फूल, खेतीबेती, विष्णुपानी, धर्मद्वार बडिमालिका क्षेत्रका प्रसिद्ध स्थल हुन्। यहाँ डाँफे, मुनाल, कस्तुरी र झालर जस्ता दुर्लभ चराचुरुङ्गी र वन्यजन्तु पाइन्छन्। हिमालको मनोरम दृश्य, हराभरा पाटन, दुर्लभ वन्यजन्तु र पौराणिक किंवदन्तीले भरिपूर्ण यो पवित्र स्थलमा पछिल्ला केही वर्षयता देश तथा विदेशबाट भक्तजन तथा पर्यटक आउनेक्रम बढ्दै गएको छ। रासस

उमेरले छेक्न नसकेको युक्तिको तरकारी खेतीको जाँगर

सुनसरी । बराहक्षेत्र नगरपालिका-८ तीनकुनेका युक्ति चौधरी ६५ वर्ष पुग्नुभयो। उमेरले विश्राम खोज्ने बेला भए पनि उहाँको जोस र जाँगर भने तन्नेरीको जस्तै छ। बिहान सबेरै उठेर तरकारी बारी पस्ने उहाँ बेलुका अबेरसम्म पनि उतै व्यस्त हुनुहुन्छ।

बिहानै बारीमा पसेर काँक्रा, बोडी, घिरौँला, लौका, सागपात, खोर्सानी र गोलभेँडाको स्याहार गर्दागर्दै उहाँलाई समय बितेको पत्तै हुँदैन। तरकारी बारीमा दिन बिताउने चौधरीलाई उमेरले काम गर्न छेकेको छैन । चौधरीको लयमा श्रीमती, छोरा, बुहारी पनि कृषि कर्ममा जुद्दै आउनुभएको छ । परिवारका सबै सदस्यको साथ पाएपछि तरकारी खेतीबाट राम्रो आम्दानी भइरहेको चौधरी बताउनुहुन्छ।

"हाल चार बिगाहामा विभिन्न प्रकारका मौसमी तरकारी उत्पादन गरिरहेका छौँ । परिवारको साथ पाएको छु । बारीभरि लटरम्मै तरकारी फल्छ । न रोजगारीको अभाव छ, न घरखर्च टार्न समस्या। वर्षभरि टिप्न र बेच्न भ्याइनभ्याइ हुन्छ," उहाँले भन्नुभयो।

परिश्रम र आत्मनिर्भरताको उदाहरण बन्नुभएका चौधरीले तरकारी खेतीबाट सबै खर्च कटाएर वार्षिक रु पाँच लाख बचत गर्ने गरेको सुनाउनुभयो। उहाँले २०७८ सालमा रितिका कृषि फार्म दर्ता गरी एक बिगाहा जमिनबाट तरकारी खेती सुरु गर्नुभएको थियो। अहिले खेती विस्तार गरी चार बिगाहा पुऱ्याउनु भएको छ। यही उद्यममा अहिले परिवारका सबै सदस्य रमाइरहेको उहाँको भनाइ छ।

"आराम गरेर घरमा बस्ने उमेर त हो तर पहिलेदेखि नै काम गर्ने बानी छ। अब बानी बस्यो, काम नगरी बस्नै सकिँदैन। सकुन्जेल गर्ने हो । हातखुट्टा चलेका छन्, तागत छँदैछ," चौधरीले भन्नुभयो। उहाँले गाई, गोरु, बाख्रा र स्थानीय जातका कुखुरा पाल्दै पाल्नुभएको छ।

"घरैमा पालेका चौपायाबाट प्राप्त हुने जैविक मललाई तरकारी खेतीमा प्रयोग गर्छु । रासायनिक मलको प्रयोग घटाएर स्वस्थ र प्राकृतिक उत्पादन गर्न सहयोग पुगेको छ," उहाँले सुनाउनुभयो।

उहाँको बारीमा उत्पादन भएको तरकारी सुनसरीका चक्रघट्टी, कालाबन्जर, बाङ्गे, चतरालगायत स्थानीय बजारमा बिक्री हुने गरेको छ। तरकारी बिक्रीका लागि बजारको समस्या नरहेको चौधरी बताउनुहुन्छ। धेरैजसो व्यापारी फार्ममा आएर तरकारी लैजाने गरेका छन्।

"व्यापारी फार्ममा लिन आउँछन्। बजार मूल्य भन्दा केही कममा तरकारी दिने गरेका छौँ । यसले हामीलाई नै सहज भएको छ। नाफा घाटाको धेरै चिन्ता गर्नु पर्दैन," उहाँले भन्नुभयो, "आफ्नै बारीमा उत्पादन हुने तरकारीबाट घरको भान्छाको आवश्यकता पूरा हुनुका साथै छोराछोरी तथा नातिनातिनाको पढाइ र घरखर्च चल्दै आएको छ।

उहाँको पहिला टिनले बेरेको घर थियो। अहिले तरकारी खेतीबाट प्राप्त भएको आम्दानीले छोराको र आफ्नो घर बनाएको चौधरीले सुनाउनुभयो । "तरकारी खेतीबाट आम्दानी राम्रो भएपछि छोराहरू विदेश जानु पनि परेको छैन। हामीलाई राम्रो छ," चौधरीले मुस्कुराउँदै भन्नुभयो।

मुख्य 'सिजन'मा उहाँको फार्ममा दैनिक चारपाँच जनाले ज्यालादारीमा काम पाउँछन्। रोजगारी प्रवर्द्धनमा त्यसले सानै भए पनि सहयोग गरेको छ। तरकारी खेतीका लागि बराहक्षेत्र नगरपालिकाले ५० प्रतिशत अनुदानमा बीउ तथा मल उपलब्ध गराउँदै आएको चौधरीले बताउनुभयो। दुई वर्षअघि सुनसरी कृषि ज्ञान केन्द्रबाट रु एक लाख अनुदान प्राप्त गरेको उहाँको भनाइ छ । यस्ता अनुदानले तरकारी खेतीमा केही हदसम्म सहयोग पुगेको र उत्पादनमा थप उत्साह मिलेको चौधरीले बताउनुभयो।

बराहक्षेत्रका अधिकांश स्थानीय तरकारी खेतीमा आत्मनिर्भर रहेको चौधरीको भनाइ छ। थोरै जग्गामा खेती गरे पनि उत्पादन राम्रो हुने भएकाले आम्दानी सन्तोषजनक हुने गरेको उहाँ बताउनुहुन्छ। बराहक्षेत्र नगरपालिका प्रमुख रमेश कार्कीले किसानलाई तरकारी खेतीबाटै आत्मनिर्भर बनाउँदै उत्पादनमा सहजता ल्याउन नगरपालिका लागिपरेको बताउनुहुन्छ।

स्थानीय किसानको आर्थिक विकासका लागि जैविक तरकारी खेती, सिँचाइ सुविधा र उत्पादन निर्यात गर्न प्रोत्साहन स्वरूप हरेक वर्ष तालिम तथा अनुदान प्रदान गर्दै आएको उहाँले जानकारी दिनुभयो। सुनसरी जिल्लामा हाल आठ हजार ८६ हेक्टर क्षेत्रफलमा तरकारी खेती हुँदै आएको कृषि ज्ञान केन्द्रका सूचना अधिकृत प्रवीणलाल श्रेष्ठको भनाइ छ। रासस

भारतीय सीमामा गाँजासहित दुई नेपाली पक्राउ

टुडे समाचारदाता

रौतहट। बारा र पर्सा जिल्लासँग जोडिएको भारतीय सीमावर्ती क्षेत्र रक्सौल र आदापुरमा गरिएको छुट्टाछुट्टै कारबाहीमा १९२ किलो ४२६ ग्राम गाँजा बरामद हुनुका साथै एक नेपाली नागरिकसहित दुई जना पक्राउ परेका छन्।

बुधबार अपराह्न रक्सौलको हरैया थाना क्षेत्रअन्तर्गत सीवान टोलमा हरैया प्रहरी र एसएसबीको संयुक्त टोलीले मोटरसाइकल जाँच गर्ने क्रममा सिटमुनि लुकाएर राखिएको ४ किलो ४२६ ग्राम गाँजा बरामद गरेको हो।

गाँजासहित प्रहरीले पर्सा जिल्ला सुगौली थाना क्षेत्रअन्तर्गत कुहडी निवासी २५ वर्षीय अवध किशोर प्रसादलाई पक्राउ गरेको जनाएको छ। उनको मोटरसाइकलसमेत नियन्त्रणमा लिइएको छ। प्रसादविरुद्ध एनडीपीएस ऐनअन्तर्गत मुद्दा दर्ता गरी थप अनुसन्धान अघि बढाइएको भारतीय प्रहरीले जनाएको छ।

त्यस्तै, आदापुरको हरपुर थाना क्षेत्रमा प्रहरीले १८८ किलो गाँजा बरामद गरेको छ। गोप्य सूचनाका आधारमा बरवा पेट्रोल पम्पनजिकै सवारीसाधन जाँच गर्ने क्रममा बीआर-३०जीबी-२२८० नम्बरको १० चक्के ट्रकबाट उक्त परिमाणको गाँजा बरामद गरिएको हो।

प्रहरीका अनुसार ट्रकको इन्जिन बोगीमा विशेष रूपमा बनाइएको गोप्य बक्सभित्र १२ वटा पेटीमा गाँजा लुकाएर राखिएको थियो। घटनामा ट्रक चालक मुजफ्फरपुर जिल्लाको कान्ती थाना क्षेत्रअन्तर्गत हरिचन्दा निवासी शौकत अलीलाई पक्राउ गरिएको छ।

बारा पर्सा संग जोडिएको भारत-नेपाल सीमावर्ती क्षेत्रमा लागुऔषध तस्करीविरुद्ध भारतीय प्रहरी र सशस्त्र सीमा बल (एसएसबी) ले निगरानी र कारबाही तीव्र पारेका छन्। मोतीहारी जिल्ला प्रहरी प्रमुख आईपिएस अफिसर एसपी सुवर्ण प्रभातको कडा निर्देशन सगै भारतीय प्रहरी लागूऔषध कारोबार नियन्त्रण गर्न सक्रियता बढाएको हो।

एकै दिन सीमावर्ती भारतीय क्षेत्रमा भएको दुई छुट्टाछुट्टै कारबाहीमा ठूलो परिमाणमा गाँजा बरामद हुनु सामान्य लागुऔषध नियन्त्रणको घटनाभन्दा पनि सीमापार तस्करीको जालोप्रति गम्भीर संकेतका रूपमा हेरिएको छ।

खासगरी नेपालको मकवानपुरलगायत विभिन्न स्थानबाट ट्रक तथा मोटरसाइकलमा गाँजा बोकेर भारतीय सीमासम्म पुग्ने क्रम देखिनुले नेपालतर्फका सुरक्षा तथा जाँच संयन्त्रमाथि समेत प्रश्न उठाउँदै आएको छ।

नेपालबाट भारतीय क्षेत्रमा पुगिसकेपछि ठूलो परिमाणमा लागुऔषध बरामद भइरहनुले सीमापार तस्करीमा संलग्न समूहको सञ्जाल, नेपालतर्फ हुने सुरक्षा जाँच र सम्भावित मिलेमतोबारे गम्भीर अनुसन्धान आवश्यक देखिन्छ। यद्यपि पक्राउ परेका व्यक्तिहरूको संलग्नता र गाँजा कहाँबाट ल्याइएको थियो भन्ने विषय अनुसन्धानपछि मात्र स्पष्ट हुने देखिन्छ।

दुवै घटनामा बरामद गाँजा, मोटरसाइकल र ट्रक नियन्त्रणमा लिएर भारतीय प्रहरीले एनडीपीएस ऐनअन्तर्गत थप अनुसन्धान तथा कानुनी कारबाही अघि बढाएको जनाएको छ।

बिजनेश नपाएर लामो समयदेखि प्रदेशसभा बैठक विहिन

सरकारले दुई वटा काम तत्काल गर्नुपर्नेमा जोड दिँदै सभामुख यादवले भने, "एउटा मधेस प्रदेश सभालाई विधेयक दिनुपर्‍यो, बिजनेस दिनुपर्‍यो । बजेट पारित भएको हिसाबले विकास योजनाहरु सञ्चालन गर्नुपर्‍यो ।"

टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेश सभाको बैठक विजनेश आभावमा एक महिनाभन्दा बढी समयदेखि ठप्प रहेको छ। असार ३१ गते बजेट पारितका लागि बसेको बैठकपछि अहिलेसम्म प्रदेश सभाको बैठक बस्न सकेको छैन।

सातौ अधिवेशन अन्त्य भई हिउँदो अधिवेशन शुरु भइसक्नु पर्थ्यो । तर हालसम्म शुरु भएको छ। हुनत प्रदेश सरकारका लागि सातौँ अधिवेशन अन्त्य गरिसकेको छ । तर हिउँदे अधिवेशन कहिलेदेखि सञ्चालन गर्ने हो बारे केही निर्णय गरेको छैन । तीन दलीय गठबन्धनले नै निरन्तरता पाएको मधेस प्रदेशमा समेत संसदीय गतिविधि ठप्प छ।

वर्षा, डुबानदेखि लिएर उपभोग्य वस्तुको मूल्य वृद्धि, विकास निर्माणका काममा ढिलासुस्ती लगायतका जनसरोकारका विषयबारे सरकारको ध्यानाकर्षण गराउनुपर्ने बेलामा प्रदेश सभाको अधिवेशन हठात् अन्त्य गरिएको भन्दै सांसदसमेत असन्तुष्ट देखिएका छन्।

प्रदेश सभाको बैठक बस्न नसक्दा सांसदसमेत फुर्सदिला बनेका छन् भने जनताका समस्याबारे सरकारलाई खबरदारी गर्ने भूमिका पनि निष्क्रिय भएको छ। प्रदेश सभा कामविहिन भई निस्क्रिय देखिएको भन्दै चौतर्फी आलोचना हुन थालेपछि भदौ ६ गते एक्कासी सरकारको सिफारिसमा प्रदेश प्रमुखले सातौँ अधिवेशन अन्त्य गरेका हुन्।

मधेस प्रदेश सभाका सभामुख रामअशिष यादवले मुख्यमन्त्री कृष्ण प्रसाद यादवलाई प्रदेश सभाको बैठक चलाउन बारम्बार आग्रह गरे पनि

सरकारले चासो नदेखाएको गुनासो गरेका छन् । उनका अनुसार सदनलाई बिजनेस दिन मुख्यमन्त्रीलाई पटकपटक आग्रह गरिएको छ।

नयाँ ऐन बनाउने, कतिपय पुराना ऐन संशोधन गर्न बाँकी रहेको जिकिर गर्दै सभामुख यादवले प्रदेश सभा बैठक अब कहिले बस्छ भन्नेबारे आफूलाई नै जानकारी नभएको प्रस्ट पारे।

सरकारले दुई वटा काम तत्काल गर्नुपर्नेमा जोड दिँदै सभामुख यादवले भने, 'एउटा मधेस प्रदेश सभालाई विधेयक दिनुपर्‍यो, बिजनेस दिनुपर्‍यो । बजेट पारित भएको हिसाबले विकास योजनाहरू सञ्चालन गर्नुपर्‍यो।'

मुख्यमन्त्रीलाई यो विषयमा संवेदनशील हुन आफूले बारम्बार आग्रह गरेको बताउँदै सभामुख यादवले अबको १०/१५ दिनमा सदन सञ्चालन हुने गरी प्रयास गर्ने जानकारी मुख्यमन्त्रीबाट प्राप्त भएको प्रस्ट पारे।

पूर्वमुख्यमन्त्री एवं जनता समाजवादी पार्टीका नेता जितेन्द्र प्रसाद सोनलले सरकारको हेलचक्याइँले गर्दा प्रदेश सभाको बैठक बस्न नसकेको आरोप लगाए । उनले ग भने, 'अहिले प्रदेशभरि सरकारकै कारण जनताका मुद्दा, समस्या, सवालहरू ओझेलमा परेका छन्। त्यही भएर सरकारले अविलम्ब सदन सुचारु गरेर ती विषयवस्तुको समाधानतर्फ केन्द्रित हुनुपर्छ।'

प्रदेश सभा बैठक कहिले राख्ने र कति अवधि चलाउने भन्ने विषय सरकारमा निर्भर रहने सोनलको भनाइ छ। प्रदेश सभा बैठक सञ्चालन भएमा जनताका मुद्दाहरू, प्रदेशका विकास निर्माणदेखि सबै कुरा सदनमा प्रवेश पाउने उनले बताए।

प्रदेशका पूर्वगृहमन्त्री राजकुमार लेखीले प्रदेश सभा सञ्चालनका लागि सरकारले गृहकार्य गरिरहेको हुनुपर्ने आकलन गरे । उनले भने, 'प्रदेश सभा चल्नुपर्छ, जनता मुद्दा उठ्नुपर्छ भन्नेमा दुई मत कसैको छैन। खै, सरकारले किन ढिलो गरेको हो ? यसै भन्न सकिने अवस्था छैन।'

प्रदेश सभाको बैठक बस्न नसक्दा चालु आर्थिक वर्ष २०८३/०८४ को बजेट पारित गर्नु अघि प्रतिपक्षी दलहरुको संसदीय अवरोध हटाउन गठित कार्यदलले बजेट पुनरावलोकन सम्बन्धी गरेको १० बुँदे निर्णय कार्यान्वयन हुन सकेको छैन।

बजेट कार्यान्वय सम्बन्धी निर्णय स्वतः कार्यान्वयमा जाने प्रदेश सरकारले दाबी गरेपनि वार्षिक कार्यक्रममा रहेका योजनाहरुको श्रोत सुनिश्चितता गरी बहुवर्षिय योजना योजनाहरुको नियमन र नियन्त्रण गर्न गठन गर्न भनिएको अर्थ तथा प्राविधिक विज्ञसहितका संसदीय समिति हालसम्म गठन हुन सकेको छैन।

भोटेकोसी बाढी :

नेकपा सांसदले एक दिनको तलब दिने

टुडे समाचारदाता

रौतहट । रसुवाको भोटेकोसी र टिमोर नदीमा आएको भीषण बाढीबाट ठूलो जनधनको क्षति भएपछि नेपाली कम्युनिस्ट पार्टी संसदीय दल, मधेस प्रदेशले विपद्मा परेका नागरिकको खोज, उद्धार तथा राहतमा सक्रिय हुन सबै पक्षलाई अपिल गरेको छ।

संसदीय दलले बाढीमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ। साथै, विपद्बाट प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउन राज्यका निकायसँगै नागरिक समाज, निजी क्षेत्र र आम नागरिकको भूमिका महत्वपूर्ण हुने जनाएको छ।

दलले मधेस प्रदेशका बुद्धिजीवी, उद्यमी, व्यवसायी, समाजसेवी तथा सञ्चारकर्मीलाई प्रभावित क्षेत्रमा आवश्यक सहयोग पुऱ्याउन आग्रह गरेको छ।

विपद् व्यवस्थापनमा आफ्नोतर्फबाट योगदान गर्ने निर्णय गर्दै नेपाली कम्युनिस्ट पार्टीबाट मधेस प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रदेशसभा सदस्यहरूको एक दिन बराबरको तलब प्रदेशसभा मार्फत केन्द्रीय विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरिएको छ।

मधेस प्रदेशका अर्थमन्त्रीसमेत रहेका पार्टी नेता युवराज भट्टराई 'समीर' ले सञ्चारकर्मीसँग कुरा गर्दै उक्त निर्णयबारे जानकारी दिएका हुन्। नेकपाको १५ जना सांसद रहेका छन्।

भोटेकोसी बाढीले देखाएको क्षतिले विपद् व्यवस्थापनमा तत्कालीन उद्धारसँगै दीर्घकालीन तयारीको आवश्यकता पनि औंल्याएको छ। यस्तो संकटका बेला राजनीतिक दल तथा सरकारका निकायबीच समन्वय कमजोर भए राहत प्रभावितसम्म पुग्न ढिलाइ हुन सक्छ।

त्यसैले प्रदेशसभा सदस्यको एक दिनको तलब सहयोग गर्ने निर्णय आर्थिक रूपमा ठूलो रकम नहुन सक्छ, तर विपद्मा राज्य र राजनीतिक नेतृत्वको जवाफदेहिता तथा ऐक्यबद्धताको प्रतीक बन्न सक्छ। अहिलेको प्राथमिकता प्रभावितको उद्धार, बेपत्ताको खोजी, घाइतेको उपचार र विस्थापितलाई सुरक्षित व्यवस्थापन गर्नु रहेको दलले जनाएको छ।

नेपाली कम्युनिस्ट पार्टीले विपद्को घडीमा सरकार, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र र सञ्चारमाध्यमबीच प्रभावकारी सहकार्य आवश्यक रहेकोमा जोड दिएको छ।

जनलोकपालले बुझाए प्रतिवेदन, ५१ मुद्दा दर्ता

टुडे समाचारदाता

जनकपुरधाम । प्रदेश जनलोकपाल आयोगले आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन गरेका कामकारबाही समेटिएको आफ्नो पाँचौं वार्षिक प्रतिवेदन मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णसमक्ष पेश गरेको छ।

आयोगले बिहीबार प्रदेश प्रमुखको कार्यालय जनकपुरधाममा आयोजित कार्यक्रममा वार्षिक प्रतिवेदन प्रदेश प्रमुख कर्णसमक्ष पेश गरेको हो। आयोगले आर्थिक वर्ष २०८२/०८३ मा आयोगबाट सम्पादन गरिएका कार्य, गतिविधि तथा प्रगतिसहितको विवरण प्रतिवेदनमा समेटिएको जनाएको छ।

प्रदेश जनलोकपाल आयोगले प्रत्येक आर्थिक वर्षमा आफूले गरेका काम तथा उपलब्धिको विवरणसहित वार्षिक प्रतिवेदन प्रदेश प्रमुखसमक्ष पेश गर्दै आएको छ।

आयोगबाट पेश गरिएको प्रतिवेदन प्राप्त गर्दै प्रदेश प्रमुख कर्णले प्रतिवेदनमा समेटिएका विषयले प्रदेशमा सुशासन, जवाफदेहिता र सार्वजनिकनिकायकोकार्यसम्पादनबारे महत्वपूर्ण जानकारी उपलब्ध गराउने विश्वास व्यक्त गरेको जनाइएको छ।

जनलोकपाल आयोगमा गत आर्थिक वर्षमा ५१ वटा मुद्दा दर्ता भएको छ। प्रदेश सरकारतर्फ २२ र स्थानीय तहतर्फ २८ र एक अर्धन्यायिक निकायविरुद्ध मुद्दा दर्ता भएको हो। मुद्दा दर्ता भएको मध्ये १५ वटा मुद्दा फर्सौट गरिएको आयोगका अध्यक्ष रामसहाय यादवले जानकारी दिएका छन्।

आयोगमा हालसम्म ११७ वटा मुद्दा दर्ता भएको हो । ती मध्ये १० वटा मध्ये चालु आर्थिक वर्षको साउनदेखि हालसम्म दर्ता भएको उनले जनाएको छ।

औषधिको जथाभावी प्रयोग नगरौं

- चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं,
- चिकित्सकले तोकेको मात्रा र अवधि बमोजिम औषधि सेवन गरौं,
- रुघाखोकी, फ्लु वा भइरल संक्रमणमा आफूखुशी औषधी प्रयोग नगरौं,
- अरुका लागि लेखिएको औषधि आफै जथाभावी प्रयोग नगरौं,
- म्याद नाघेको औषधि प्रयोग नगरौं/नगराऔं,
- औषधिको सुरक्षित र जिम्मेवारपूर्वक प्रयोग गरी/गराई आफ्नो र परिवारको स्वास्थ्य संरक्षण गरौं।

औषधिको अनावश्यक प्रयोगले स्वास्थ्यमा गम्भिर असर पर्न सक्छ।

तसर्थ, चिकित्सकको सल्लाहअनुसार मात्र औषधिको प्रयोग गरौं/गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८